

## राष्ट्रिय गान

**सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली**
**सार्वभौम भई फैलिएका, मेची-महाकाली ।**
**प्रकृतिका कोटी-कोटी सम्पदाको आँचल**
**वीरहरूका रगतले, स्वतन्त्र र अटल ।**
**ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल**
**अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।**
**बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल**
**अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।**




## हाम्रो प्रतिबद्धता

नेपाल परिवार दलको राष्ट्रिय अभियान
संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान ।
हिमाल, पहाड, तराई/मधेसका १२६ जातजाति
सह-अस्तित्वमा बाँचेका हामी सबै एकै नेपाली ।
नेपाल राष्ट्र र नेपाली जनता पहिलो प्राथमिकता
अग्रपन्थी लोकतन्त्र र कुशल नेतृत्व हाम्रो प्रतिबद्धता ।

## १. पृष्ठभूमिः

**आदरणीय नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू**

राजनीतिक, आर्थिक, सामाजिक दृष्टिकोणले अत्यन्त संकटपूर्ण एवं संक्रमणकालीन अवस्थाबाट नेपाल गुज्रिरहेको छ । चार बर्ष भित्र पनि नयाँ संबिधान जारी नभई हाल सम्म पनि नयाँ संविधानको अन्तरवस्तु बारे पार्टीहरू बिच गम्भीर असहमति बिद्यमान छ । राज्यको पुनःसंरचना, शासकीय स्वरूप, न्यायालय तथा संबिधानको सिद्धान्त जस्ता महत्वपूर्ण विषयमा मतभेदका कारण संविधान निर्माण हुन नसकी बर्तमान चुनावी मन्त्री परिषद्को गठन गरी निर्वाचनमा जानुपर्ने बाध्यकारी अवस्था आइपरेको हो । बिशेषतः सर्बदलीय राजनीतिक संयन्त्र निर्माण हुनुपर्नेमा हाल चारदलीय संयन्त्र नेपाली जनताको मर्म र भावना विपरीत गठन गरिएको छ । हाम्रो पार्टी राष्ट्र र जनताको सर्वोपरी हितलाई हेरेर वर्तमान अस्तिरता र अन्यौलपूर्ण राजनीतिक खिचातानीको एक मात्र बिकल्प निर्वाचन र जनमत नै हो भनी जनादेश लिन आइपुगेको छ । विश्वास छ हाम्रा मतदाताहरूले पुरानो भोट हाल्ने ठाउँ छोडी नयाँ ठाउँमा भोट हाल्नुहुनेछ र तरुण नेपालको परिकल्पना साकार पार्न नेपाल परिवार दललाई नेतृत्व प्रदान गर्नुहुने नै छ ।

हामी नेपालीको एकमात्र चाहना सबै जातजाति, धर्म-संस्कृति, भौगोलिक क्षेत्र वा अन्य कुनै पनि आधारमा विभाजित नभई "नेपालको भूगोललाई एक साझा घर र हिमाल पहाड तराई/मधेसका सम्पूर्ण नेपालीलाई एक परिवार" भन्ने राष्ट्रिय भावनाको विकास गराउने हो । यसका लागि सम्पूर्ण नेपाली जनता एकजुट भई एकता, सद्भाव, सह-अस्तित्व, शान्ति, समृद्धि कायम गर्न अनुकूल वातावरण सिर्जना गरिनुपर्दछ ।

नेपाल परिवार दल लोकतन्त्र, मानव अधिकार, विधिको शासन, स्वतन्त्र न्यायपालिका, बहुलवाद, बहुदलीय शासन व्यवस्था, लोकोपकारी राज्य, धार्मिक स्वतन्त्रता, प्रेस स्वतन्त्रता, आवधिक निर्वाचन, जनसहभागिता, सामाजिक न्याय, जवाफदेहिता, निष्पक्ष र स्वस्थ तथा सक्षम प्रशासनतन्त्र, लगायतका लोकतान्त्रिक पद्धतिमा निष्ठावान रहने पार्टी हो । नेपालमा बामपन्थी तथा प्रजातान्त्रिक लगायतका राजनैतिक दलहरू वीच देखिएको अस्वस्थ प्रतिस्पर्धा, अविश्वास, कटुतालाई साम्य पार्दै सबैलाई मान्य हुने परिष्कृत, शाश्वत र वैज्ञानिक राजनैतिक बिचारधारा "अग्रपन्थी लोकतन्त्र" (Headwing Democracy) को माध्यमबाट सिंगो राष्ट्रलाई एकताबद्ध बनाउँदै सर्वाङ्गीण विकास गरी सबै नागरिकहरूलाई सर्वोपरि हितमा नेपालको राजनैतिक, आर्थिक, सामाजिक लगायतका क्षेत्रहरूमा आमूल सकारात्मक रूपान्तरणको नेतृत्व प्रदान गर्ने पवित्र उद्देश्यका साथ राजनैतिक दल ऐन २०६४ अनुसार यो दल स्थापना गरिएको हो ।

नेपालको अन्तरिम संविधान २०६३ बमोजिम २०६४ साल चैत्रमा सम्पन्न संविधानसभाको निर्वाचनबाट गठित संविधानसभाले दुई वर्षभित्रै संविधान निर्माण गरी जारी गर्नुपर्दथ्यो । तर, संविधानसभामा धेरै सभासद् सहित प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरूको अकर्मण्यता र कमजोरीबाट पटक पटक म्याद थप गरी चार वर्ष आयु पुऱ्याउँदा समेत संविधानसभाले संविधान जारी गर्न सकेन । अन्ततः २०६९ जेठ १५ गते मध्य रातमा संविधानसभा विघटन गरियो । सशस्त्र द्वन्द्वदेखि संविधानसभासम्म आइपुग्दा देश र जनताले भने प्रत्यक्ष र परोक्षरूपमा एक हजार अर्बभन्दा बढी रकमको हानि नोक्सानी व्यहोरिसकेका छन् र अझै कति हानि नोक्सानी ब्यहोर्न पर्ने हो कुनै निश्चितता छैन । विगतका कमी कमजोरीका लागि सबै राजनीतिक दलहरूले जनतासमक्ष माफी माग्नुपर्दछ । संविधानसभामा

प्रतिनिधित्व गर्ने ६०१ सभासद् मध्ये नेपाल परिवार दलबाट एक जना सभासद्ले प्रतिनिधित्व गरेको हुँदा प्रतिशतको आधारमा यो दल पनि जनतासमक्ष क्षमायाचना गर्दछ ।

आफूलाई प्रमुख दाबी गर्ने राजनीतिक दलहरूको अदूरदर्शिताका कारण जारी भएको ७ वर्ष नबित्दै नेपालको अन्तरिम संविधान, २०६३ बाह्र पटक संशोधन गरियो भने राष्ट्रपतिले तीन पटक बाधाअड्काउ फुकाउ आदेश जारी गरे ।

चार पार्टीका नेताहरूबाट ११ बुँदे सहमतिको आधारमा नेपालको अन्तरिम संविधान २०६३ लाई बाधा अड्काउ फुकाउ आदेश मार्फत २५ ठाउँमा संशोधन गरिँदा राष्ट्रका धेरै दललाई बेवास्ता गरिएको यो कदम बिवादित हुन पुग्यो । नेपालको इतिहासमा पहिलो पटक बहालवाला प्रधानन्यायाधीश कार्यकारी प्रमुख हुने अस्वाभाविक परिस्थिति सृजना भई स्वतन्त्र न्यायपालिकाको स्वतन्त्रता माथि नै प्रश्नचिन्ह खडा भयो । हाम्रो पार्टी नेपाल परिवार दल मुलुकका सबै राजनैतिक दलले संविधानसभा निर्वाचनमा सहभागी हुने वातावरण बनाउनुपर्छ भन्ने मान्यता राख्दछ । बहुदलीय व्यवस्थामा गैरदलीय सरकार गठन गर्नुपर्ने परिस्थिति सृजना हुनु प्रमुख भनिएका दलहरूको असफलता बाहेक केही होइन ।

मुख्यतः संविधानसभाको दोस्रो निर्वाचनमा यो दलले मुलुकका सबै वर्ग, जातजाति, लिङ्ग, समुदाय र क्षेत्रको प्रतिनिधित्व गराउने अठोट गरेको छ । यसभित्र देशका इमान्दार राजनीतिज्ञ, विभिन्न क्षेत्रका विशेषज्ञ, राष्ट्रसेवामा रही सेवानिवृत्त व्यक्तिहरू, महिला, युवा, बुद्धिजीवी, हिमाल, पहाड, तराईका पिछडिएका, अल्पसङ्ख्यक तथा सीमान्तकृत वर्ग, ज्येष्ठ नागरिक, शारीरिक रूपमा अशक्त तर मानसिक रूपमा सबल, विशेष खुबी भएका र विविध विधामा ख्यातिप्राप्त व्यक्तित्वहरूको समेत स्थानीयतहदेखि नै उचित सहभागिता गराउने यस दलको नीति रहेको छ । हाम्रो पार्टी संविधानसभाको पहिलो बैठक बसेको एक बर्ष भित्र नेपाली जनताको अपेक्षाकृत लोकतान्त्रिक संविधान जारी गर्ने प्रतिबद्धता जाहेर गर्दछ ।

नेपाल परिवार दललाई नेपाली जनताले पहिलो संविधानसभामा आफ्नो अमूल्य मत दिएर पठाएका एक जना प्रतिनिधिले विघटित संविधानसभामा उल्लेखनीय योगदान पुर्‍याएको कुरा स्मरण गराउँदछौं । समग्रमा यो दल सम्पूर्ण राष्ट्रप्रेमी नेपाली परिवारहरूको साझा दल भएकोले आफ्नो अमूल्य मतद्वारा यस दल र यसका उम्मेदवारहरूलाई विजयी बनाउनुहुन राष्ट्रप्रेमी विवेकशील मतदाताहरूप्रति हामी हार्दिक अपिल गर्दछौं ।

## २. नेपाल राष्ट्र र राष्ट्रियता

नेपाल प्राचीन कालदेखि ऋषिमुनिहरूको तपोभूमिको रूपमा परिचित छ । यो भूमि शान्तिका अग्रदूत गौतम बुद्ध, सीता र भृकुटीजस्ता विभूतिहरूको जन्मथलो हो । नेपालमा एकातर्फ विश्वप्रसिद्ध सांस्कृतिक तीर्थस्थलहरू पशुपतिनाथको मन्दिर, जानकी मन्दिर, बौद्ध र स्वयम्भूनाथको स्तुपा, लुम्बिनी आदि रहेका छन् । भौगोलिक, पर्यावरणीय दृष्टिकोणले यो सुन्दर मुलुकमा विश्वको सर्वोच्च शिखर सगरमाथा लगायत उच्चहिमशिखरहरू, पहाड र चुरेमहाभारत खण्ड तथा तराई मधेशका समथलयुक्त भूगोल तथा विविध जलवायु रहेको छ । नेपालभित्र बसोबास भएका "बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताका सूत्रमा आबद्ध सबै नेपाली जनता (१२६ जातजाति र १२३ भाषाभाषी) समष्टिगत रूपमा नेपाल राष्ट्र हो ।

नेपाल दुई छिमेकी मित्र राष्ट्रहरू भारत र चीन लगायत संसारका सबै राष्ट्रहरूसँग सौहार्दपूर्ण पारस्परिक सम्बन्ध राख्दै राजनीतिक, सामाजिक, धार्मिक, आर्थिक, कुटनीतिक क्षेत्रमा संलग्न र अग्रसरता लिने एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, विविधतामा एकता बोकेको राष्ट्र हो । नेपाली हुनको गर्व र राष्ट्रिय पहिचानसहित सम्पूर्ण नेपाली जनताको सर्वोत्तम हित, विकास, समृद्धि र राष्ट्रिय सुरक्षाको जगेर्नाप्रति सार्वभौम नेपाली जनताले भावनात्मक रूपमा प्रकट गर्ने देशभक्ति र राष्ट्रप्रेमसहितको पहिचान नै नेपालको राष्ट्रियता हो । तर, यतिखेर नेपालको राष्ट्रियता सहजपूर्ण छैन । गोरखाका राजा पृथ्वी नारायण शाहाले आधुनिक नेपालको भौगोलिक एकीकरण गरेका थिए तर भावनात्मक एकीकरणको प्रक्रिया अझै पूर्ण भएको छैन । भावनात्मक रूपले समेत राष्ट्रलाई पूर्णतामा एकीकरण गर्ने विविध प्रयासमा नेपाल परिवार दलका अध्यक्ष एकनाथ ढकालज्यूको नेतृत्वमा “राष्ट्र र जनता पहिलो प्राथामिकता” राष्ट्रिय जनजागरण अभियान मार्फत नेपालको १२६ जातिसँग मितेरी सम्वन्ध गाँस्ने कार्यक्रमको थालनी संगै भावनात्मक एकीकरणलाई थप अगुवाई गरेको छ । सबै नेपालीको भावनात्मक एकीकरणको कार्य अघि बढिरहेको छ । राष्ट्रिय सोचको विकास, राष्ट्र र जनता पहिलो प्राथमिकता, नेपाली जनताको एकता, शिक्षा, स्वास्थ्य, रोजगारको विकास, मानव विकास, अर्थ विकास, कुशल कूटनीति, स्वाधीन अर्थतन्त्र, पारदर्शी प्रशासन, जनउत्तरदायी सरकार तथा संसद, स्वतन्त्र न्यायपालिका, निस्पक्ष र दक्ष सुरक्षा निकाय, समावेशी राज्य, लोकतान्त्रिक परिपाटी, विश्वसनीय र जिम्मेवारी संचार, विभेद रहित समाज, सेवा उन्मुख तथा पारदर्शी गैरसरकारी संस्था, सचेत नागरिक, अभिभावकीय र निस्पक्ष नागरीक समाज, मानव अधिकारको सम्मान भएको समाज निर्माण गरी राष्ट्रियता बलियो बनाउन नेपाल परिवार दल दृढ संकल्पित छ ।

## ३. नेपाल परिवार दलको आधारभूत सिद्धान्त

मानव समस्याको प्रमुख कारण अति व्यक्तिवादी प्रवृत्तिको रूपमा मानिसभित्र अन्तर्निहित स्वार्थीपन (Selfishness) भएकोले व्यक्ति/व्यक्ति , स्त्री/पुरुष, परिवार-परिवारमा आ-आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर वृहत्तरहितको लागि बाँच्ने जीवनशैली हुनु नै सुशासनको नमुना तथा समाज र राष्ट्रको समुन्नतिको आधारशिला हो भन्ने कुरामा नेपाल परिवार दल विश्वास राख्दछ । ‘सेवा नै धर्म हो’ भन्ने पौराणिक कथनलाई अङ्गीकार गरेका तथा सेवा, त्याग र समर्पणको संस्कारलाई अपनाएकाहरूबाट मात्र सही नेतृत्वको अभ्यास हुन सक्छ । अतः संघीय, प्रादेशिक एवं समुदायको नेतृत्व गर्ने वर्गमा सबै नागरिक र जनताप्रति पितृमातृहृदय हुनुपर्दछ भन्ने यो दलको सिद्धान्त रहेको छ । कुनै पनि जननिर्वाचित सरकारको सही अर्थ तथा वैधानिकता त्यस बेला कायम हुन्छ, जब सरकारले जनतालाई न्यूनतम आधारभूत आवश्यकताहरू पुऱ्याउन सक्ने क्षमता राख्दछ । यस अर्थमा नेपाल परिवार दलको सिद्धान्त मुलुकमा सदैव सु-शासन कायम राख्ने, नागरिकबीच सद्भाव, सह-अस्तित्व, शान्ति, प्रेम, एकता एवं अहिंसालाई अभिबृद्धि गर्ने रहेको छ । यो दलको मूल दर्शन भनेको आध्यात्मिकता र भौतिकताबीच प्राकृतिक सन्तुलन कायम राख्दै, क्षमा, साँचो प्रेम र सहिष्णुतामा आधारित भएर असल समाजको सिर्जना गर्दै, सबै धर्म, जात, वर्ग, पेशा र क्षेत्रका नागरिकहरूसँग समावेशिताको नीति लिई मित्रवत् व्यवहार गर्ने रहेको छ । यो दल सच्चा गुरुत्व, सच्चा अभिभावकत्व तथा सच्चा स्वामित्वको सिद्धान्तलाई नयाँ नेतृत्वको ढाँचाको रूपमा अवलम्बन गर्दछ । द्वन्द्वात्मक भौतिकवादी चिन्तन अपूरो र परम्परावादी प्रजातन्त्र रोगी भएको छ । वास्तवमा प्रजातन्त्र आमा बुवा गुमाएका टुहुरा दाजुभाई जस्तै भएका छन् । त्यसैले यी दुवै दर्शनलाई सही मार्ग निर्देशन गर्न बाबुआमाको जस्तो चिन्तन भएको अभिभावकीय विचारको आवश्यकता छ । त्यो विचारले साम्यवाद र प्रजातन्त्र दुवैमा भएका शाश्वत, परिष्कृत, वैज्ञानिक र विश्व अनुमोदित तथ्यहरूलाई ग्रहण गर्दै परिवर्तनलाई

आत्मासात् गरी अघि बढ्ने मार्ग प्रशस्त गर्दछ । त्यो नयाँ विचारलाई "अग्रपन्थी लोकतन्त्र (Headwing Democracy)" भनिन्छ । यो नै नेपाल परिवार दलको वैचारिक दर्शन हो । नैतिकता, सदाचार, इमान्दारी, समानता, आपसी सम्मानमा आधारित पारिवारिक मूल्यमान्यताको अग्रपन्थी लोकतन्त्रले संवर्धन गर्दछ ।

### ३.१. संविधान सभाको निर्वाचनमा नेपाल परिवार दलको निम्नानुसारको एजेण्डा रहेको छ :

१. सबल राष्ट्रियता
२. सामाजिक सद्भाव र समानता
३. नैतिक समाज
४. सुशासन
५. सामाजिक आर्थिक रूपान्तरण
६. परिवर्तनका उपलब्धि (लोकतन्त्र, गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, स्वतन्त्र न्यायपालिका, समावेशी समानुपातिक सिद्धान्त र पहिचान तथा अधिकार) लाई संस्थागत विकास गर्ने संविधान
७. दिगो शान्ति

## ४. राष्ट्रको पुनःसंरचना

नेपालको अन्तरिम संविधान, २०६३ को भाग १७ मा राज्यको ढाँचा र स्थानीय स्वायत्त शासनको परिकल्पना गरेको छ । जसअनुसार धारा १३८ उपधारा १ मा राज्यको अग्रगामी पुनःसंरचना-वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र संघीय शासनप्रणाली सहितको अग्रगामी पुनःसंरचना गरिनेछ भन्ने उल्लेख छ । साथै उपधारा (१क) मा मधेसी जनतालगायत आदिवासी जनजाति र पिछडिएका तथा अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशको चाहनालाई स्वीकार गरेको छ । प्रदेशहरू स्वायत्त र अधिकार सम्पन्न हुनेछन् । नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्त प्रदेशहरूको सीमा, संख्या, नाम र संरचनाका अतिरिक्त केन्द्र र प्रदेशका सूचीहरूको पूर्ण विवरण, साधनस्रोत र अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गरिनेछ भन्ने व्यवस्था गरिएको थियो । नेपालको अन्तरिम संविधानका यी व्यवस्थाहरू प्रति नेपाल परिवार दल प्रतिबद्धता जाहेर गर्दछ । नेपालको सामाजिक सांस्कृतिक बनोट, भूगोल, जनसंख्यालाई आधार बनाई नेपाली जनताको परिवर्तनको चाहनालाई मनन गर्दै जनतालाई पहिचान र अधिकार सम्पन्न बनाउँदै आर्थिक जीवनस्तर माथि उकास्नको लागि एकात्मक राज्य व्यवस्थाबाट मुलुकलाई संघीयतामा लैजाने निर्णय नेपाल परिवार दलको रहेको छ । राष्ट्रको पुनःसंरचनाको ढाँचा निम्नानुसारको मूल्यमान्यता, सिद्धान्त र संरचनाको अवलम्बन गरिनेछः

### ४.१ राष्ट्रिय एकता र अखण्डता

आधुनिक नेपालको निर्माण भएदेखि नै राष्ट्रिय एकता र अखण्डताको लागि सम्पूर्ण नेपाली जनताले योगदान पुऱ्याइरहेका छन् । प्रत्येक देशका नागरिकलाई आफ्ना घर, परिवार, छिमेक, समाजसहित समग्र मातृभूमि/पितृभूमिको देशभक्ति, त्यसप्रतिको दायित्व र कर्तव्य हुन्छ । र नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त समान आकांक्षा भएका सबै नेपाली नागरिकको साझा घर हो । नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित, सुरक्षा तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आबद्ध सबै नेपाली नेपालको राष्ट्रवासी हुन् र यो नै समग्रमा एक स्वतन्त्र र अविभाज्य राष्ट्र नेपाल हो ।

## ४.२ सार्वभौमसत्ता र राजकीयसत्ता

नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता पूर्णरूपमा नेपाली जनतामा निहित हुनुपर्ने नेपाल परिवार दलको नीति रहेको छ । तर, नेपालमा यतिखेर केन्द्रदेखि स्थानीय तहसम्म जनप्रतिनिधिमूलक संस्था छैन । राजनीतिक रूपले सक्रमणकालीन अवस्था विद्यमान छ । फलस्वरूप: राष्ट्रपतिद्वारा जारी गरिएको बाधा अड्काउ फुकाउ आदेशबमोजिम प्रधान न्यायाधीशको अध्यक्षतामा गठित अन्तरिम चुनावी मन्त्रिपरिषद्ले कार्यकारिणी अधिकार र विधायकी अधिकार बहन गरिरहेको आभास हुन्छ । संविधानसभाको दोस्रो निर्वाचन प्रयोजनको निम्ति निर्वाचन आयोगमा १३९ दलहरू दर्ता भैसकेका छ । तर केवल चार दलीय राजनीतिक दलको सिफारिसमा मुलुक चलिरहेको अनुभूती हुन्छ । मुलुकमा लामो समयसम्म संक्रमणकालीन अवस्था रहनु हुँदैन भन्ने नेपाल परिवार दलको मान्यता छ । तसर्थ जनप्रतिनिधिमार्फत जनताको सार्वभौम र राजकीय सत्ताको अधिकार प्रयोग र लोकतन्त्रको संरक्षणको लागि आगामी संविधानसभालगायत अन्य निर्वाचन प्रक्रियामा अद्यावधिक रूपमा बालिग मताधिकार भएका नागरिकले सहजरूपमा भाग लिन पाउने अवसर राज्यले प्रदान गर्नु पर्दछ । तब मात्र राजकीय सत्ता र सार्वभौमसत्ता जनतामा निहित हुने कुराले सार्थकता पाउँछ ।

## ४.३ संवैधानिक सर्वोच्चता

नेपालमा यतिखेर नेपालको अन्तरिम संविधान, २०६३ कायम छ । यसर्थ दोस्रो पटक संविधानसभाको निर्वाचनबाट चुनिएका प्रतिनिधि/संविधानसभाले निर्माण र जारी गर्ने संविधान सार्वभौम नेपाली जनताको मूल कानून हुने भएकोले शक्ति सन्तुलन र शक्ति पृथकीकरणको मान्यतालाई आत्मसात् गर्दै नयाँ बन्ने संविधानको सर्वोच्चता रहनुपर्ने कुरालाई नेपाल परिवार दलले नीतिगत रूपमा लिएको छ ।

## ४.४ संघीय नेपाल तथा प्रदेशको संरचना

नेपाल परिवार दल संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई संस्थागत गर्ने संविधान निर्माण गर्न चाहन्छ । नेपाललाई ६ देखि ७ प्रान्तमा पुन:संरचना गरिनु पर्दछ । राज्य पुन:संरचनाको आधार सामर्थ्य, पहिचान, जनसंख्या र भूगोल हुनुपर्दछ । संघीयताको उद्देश्य नेपाली नागरिकलाई पहिचान र अधिकार सम्पन्न बनाई आर्थिक रूपमा सबल बनाउनु हो । प्रदेशको मातहतमा आवश्यकता अनुसार स्वायत्त क्षेत्र निर्माण गरी आदिबासी तथा जनजाति, मधेसी, मुस्लिम, थारू, दलित, ओ.बि.सी., खस आर्य, दशनामी लगायतलाई पहिचान दिंदै अधिकार सम्पन्न बनाउन सकिन्छ भन्ने हाम्रो मान्यता छ । संघीय (केन्द्र) तथा प्रादेशिक (प्रान्तीय) स्तरमा कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका लगायत आवश्यक पर्ने संवैधानिक एवं अन्य निकायहरू रहनेछन् । राज्यको पुन:संरचना गर्दा देहायका आधारभूत सिद्धान्तहरू पालना गरिनुपर्दछ भन्ने हाम्रो मान्यता रहेको छः-

(क) राष्ट्रिय एकता, अखण्डता, स्वाभिमान, सार्वभौमिकता तथा स्वतन्त्रतामा आँच आउन दिइनुहुँदैन ।

(ख) राज्यको पुन:संरचनामा भौगोलिक, प्राकृतिक स्रोत र साधन, जनघनत्व तथा अन्य विशेषताको पनि मनन गरिनुपर्छ ।

(ग) पुन:संरचना गर्दा वर्गीय, जातीय, क्षेत्रीय एवं धार्मिक सद्भाव र स्वतन्त्रतालाई अक्षुण्ण कायम राखिनुपर्दछ ।

(घ) राष्ट्रमा रहेका अपार प्राकृतिक साधन स्रोत हिमाल, पहाड र तराई मधेशमा वसोवास गर्ने सबै नागरिकले उपभोग गर्ने र फाइदा लिन सक्ने हुनुपर्दछ,

(ङ) संघीयदेखि प्रादेशिक र स्थानीय स्तरसम्मका सबै शासकीय अङ्गहरूमा हिमाल, पहाड,

तराई मधेशका पिछडिएका, अल्पसंख्यक, सीमान्तकृत वर्गलगायत सबै वर्ग, समुदायलाई समाबेसी सिद्धान्त र योग्यताको आधारमा सहभागी गराउनु पर्ने नेपाल परिवार दलको मान्यता छ ।

(च) स्थानीय, प्रादेशिक र संघ (केन्द्र) को क्षेत्राधिकार र जिम्मेवारी संविधानसभाले टुङ्गो लगाउने र प्रदेशको नामाकरण प्रदेशसभाले गर्ने छ ।

(छ) नेपाल परिवार दल सारमा बहुसांस्कृतिक चरित्र भएको पहिचान र अधिकार सहितको संघीयताको पक्षमा छ ।

### ४.५ संघीय व्यवस्थापिका संसद र प्रदेशसभाको संरचना

नेपाल परिवार दल संघीय तहमा दुई सदनात्मक व्यवस्थापिका संसद र प्रादेशिक तहमा एक सदनात्मक प्रदेशसभा हुनुपर्छ भन्ने मान्यता राख्दछ । सघीय संसदको तल्लो सदनमा २४५ सदस्य र माथिल्लो सदनमा ५५ सदस्य रहने छन् । राज्य तहको प्रदेशसभामा जनसंख्याको अनुपातमा ५१ देखि ७५ सदस्य हुनुपर्दछ । संघीय व्यवस्थापिका संसद र प्रदेशसभाले एक सभामुख र एक उपसभामुख निर्वाचित गर्नेछन् र यी दुई पद मध्मे एक महिला हुनुपर्छ । संघीय तथा प्रदेशसभाको प्रकृति समाबेशी समानुपातिक हुनुपर्दछ । मुलुकको शान्ति व्यवस्था, प्रगति, देश विकास तथा अन्तरधार्मिक, अन्तरजातीय र क्षेत्रीय सद्भाव कायम राख्न प्रत्येक तहको संसद/प्रदेशसभामा अन्तर्धार्मिक तथा क्षेत्रीय सद्भाव राख्न संघीय संसद र प्रदेशसभामा “अन्तर्सांस्कृतिक सद्भाव समिति” गठन गर्नु उपयुक्त हुन्छ । स्थानीय निकायमा जिल्ला, महानगरपालिका, नगरपालिका, गाउँपालिका रहनेछ । उक्त निकायमा लैङ्गिक, जातीय, धार्मिक, पिछडिएका वर्गसहितको प्रतिनिधित्व हुनुपर्दछ । स्थानीय निकायमा महिलाको प्रतिनिधित्व ५० प्रतिशत पुऱ्याई समावेशी प्रकृतिको जनप्रतिनिधिमूलक संस्था बनाइनुपर्दछ ।

### ४.६ शासकीय स्वरूप

जनप्रतिनिधिहरूद्वारा निर्मित कानूनबमोजिम बन्ने संघीय र प्रादेशिक राज्य प्रत्येक देशको कार्यकारिणी अधिकार प्राप्त निकाय भएकोले त्यसले कानूनको कार्यान्वयन गरी राज्यको इच्छा लागु गर्दछ । आधुनिक राज्यमा कार्यकारिणी अङ्गहरूको निर्णायक भूमिका रहने हुनाले देशको कार्यकारिणी अङ्गको स्वरूप र प्रकृति कस्तो हुने भन्ने कुरा संविधान निर्माणको क्रममा महत्वपूर्ण हुन्छ ।

विश्वमा प्रचलनमा रहेका शासन प्रणालीमा, संसदीय शासन प्रणाली, राष्ट्रपतीय शासन प्रणाली र मिश्रित शासन प्रणाली मुख्य रहेका छन् । यी हरेक प्रणालीका सबल र दुर्वल पक्ष हुन्छन् । राज्यको संरचना तीन तहको हुनु आवश्यक छ भन्ने हाम्रो मान्यता छ । तर केन्द्रीय (संघीय) तहमा कार्यकारिणी अङ्गको ढाँचा कस्तो हुने भन्ने विषयमा विगत संविधानसभा समितिका तीन प्रकारका विचारहरू आएका थिए । ती मध्ये कुनै पनि विचारले बहुमत प्राप्त नगरेको यथार्थ हाम्रो सामु छ । ।

### संघीय सरकार

संघीय सरकारमा प्रधानमन्त्री र मन्त्रिपरिषदमा कार्यकारिणी अधिकार रहने हाम्रो पार्टीको मान्यता छ । संघीय व्यवस्थापिका संसदका सदस्यहरू, राष्ट्रियसभाका सदस्यहरू र प्रदेश सभाका सदस्यहरू सम्मेलित इलेक्टोरल कलेजबाट निर्वाचित संवैधानिक राष्ट्रप्रमुख ( राष्ट्रपति) र व्यवस्थापिका संसदबाट निर्वाचित कार्यकारी प्रधानमन्त्री सहितको मिश्रित शासकीय व्यवस्थाको पक्षमा हाम्रो पार्टी छ । राष्ट्रपति र प्रधानमन्त्री बीच शक्तिको बाँडफाड

स्पष्ट रूपमा संबिधान मै उल्लेख गरीनु पर्छ । राजनैतिक अस्थिरता र छिटो छिटो सरकार परिवर्तनको अवस्थाबाट मुक्त गर्न सरकार गठन भएको एक बर्ष सम्म अविश्वासको प्रस्ताव ल्याउन नपाउने गरी राजनैतिक स्थिरता कायम गर्नु पर्छ । साथै उपराष्ट्रपति पदेनरूपमा राष्ट्रियसभा (माथिल्लो सदन) को अध्यक्ष हुने व्यवस्था गरिनुपर्दछ । केन्द्र तथा प्रान्तमा रहने मन्त्रीमण्डलको सङ्ख्या समावेशी तर सानो स्वरूपको बनाउने संविधानमै उल्लेख गर्नु पर्छ । संसद सदस्य नभएका तर सरकारलाई आवश्यक पर्ने सम्बन्धित क्षेत्रका विज्ञ व्यक्तिलाई संघीय तथा प्रादेशिक सरकारको मन्त्रिमण्डलमा समावेश गर्न सकिने व्यवस्था हुनुपर्दछ ।

**प्रदेशको कार्यकारिणी**

संघीय संरचना अन्तर्गत प्रदेशमा पनि कार्यकारिणी निकाय हुन्छ । संविधानले निर्धारण गरेको प्रादेशिक सूची भित्र पर्ने विषय अन्तर्गत प्रादेशिक तहको कार्यकारिणी अधिकार हुने र त्यसको प्रयोग सम्बन्धित प्रदेशको मन्त्रिपरिषद्ले गर्ने व्यवस्था गरिनुपर्छ । प्रत्येक प्रदेशमा केन्द्रीय सरकारको प्रतिनिधिको रूपमा प्रदेश प्रमुख वा गभर्नरको व्यवस्था रहनुपर्दछ । प्रदेशको शासन व्यवस्थाको संञ्चालन, निर्देशन र नियन्त्रण गर्ने अधिकार प्रादेशिक मन्त्रिपरिषदमा हुनेछ । प्रदेश व्यवस्थापिकामा सहमति वा बहुमत प्राप्त व्यक्ति प्रदेशको मुख्यमन्त्री हुने र निजको अध्यक्षतामा प्रादेशिक मन्त्रिपरिषद् गठन हुनेछ ।

**स्थानीय निकाय/सरकार**

लोकतान्त्रिक मुलुकमा स्थानीय सरकार लोकतन्त्रको जगको रूपमा मानिन्छ । आगामी संविधानसभाले स्थानीय निकायलाई अझ बढी अधिकार र जिम्मेवारी दिनुपर्दछ । मौजुदा स्थानीय निकाय “जिल्ला विकास” को सट्टा “जिल्ला पालिका/वा जिल्ला सरकार” र “गाउँ विकास” को सट्टा “गाउँपालिका” नामाकरण गरिनुपर्दछ भन्ने मान्यता यो दलको छ । विद्यमान जिल्ला संरचनालाई पुनःसंरचना गरी २४५ जिल्ला बनाई स्थानीय स्तरमा विकास निर्माण तथा जनताको काम सर्वसुलभ बनाउनुपर्छ भन्ने हाम्रो मान्यता छ । साथै स्थानीय निकाय संघीय सरकार र प्रादेशिक राज्य सरकारबीचको सम्बन्ध एक पारिवारिक सिद्धान्तमा आधारित रही आफ्नो घररूपी राष्ट्रलाई मजबुत सुरक्षित र समुन्नत बनाउने उद्देश्यबाट निर्देशित हुनेछ । विकेन्द्रीकरणको माध्यमबाट स्थानीय निकायलाई अधिकार सम्पन्न बनाई स्थानीय साधन र स्रोतको अधिकतम परिचालन गर्न सिकाई स्वावलम्बी बनाउने लक्ष्य परिवार दलले लिएको छ । महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाको संरचना यथावत् राखिनेछ । आवश्यकता अनुसार थप नगरपालिका घोषणा गरिनेछ ।

**४.७ न्यायपालिकाको संरचना**

प्रजातान्त्रिक मूल्य-मान्यताको जगेर्ना गर्दै संवैधानिक सर्वोच्चता कायम गराउने मूल जिम्मेवारी स्वतन्त्र, सक्षम न्यायपालिकाको हुन आउँछ । राज्य पुनःसंरचनाको क्रममा विद्यमान न्यायपालिकालाई पनि पुनःसंरचना गरिनेछ । नेपाल परिवार दल स्वतन्त्र र सक्षम न्यायपालिकाको पक्षमा छ । केन्द्रदेखि प्रदेश र स्थानीय स्तरसम्म न्यायपालिकाको संरचना निर्माण गरिनेछ ।

**न्यायिक स्वतन्त्रता र न्यायिक स्वायत्तता**

स्वतन्त्र न्यायपालिका भन्नाले आफू समक्ष भएका विषयबस्तुमा कार्यपालिका वा व्यवस्थापिका लगायत कुनै पनि क्षेत्रको प्रत्यक्ष वा अप्रत्यक्ष अनुचित प्रभाव वा दवाब बिना तथ्य र कानूनको निष्पक्ष मूल्याङ्कन गरी निर्णय गर्ने अवधारणालाई बुझाउँदछ । स्वतन्त्रताको

यथाशक्य बढोत्तरी गर्नुपर्छ र स्वतन्त्रताको नियन्त्रण न्यायिक स्वतन्त्रताकै व्यवस्थापन र संरक्षणको लागि बाहेक अन्य कुनै बहानामा हुनुहुँदैन ।

न्यायिक स्वतन्त्रताको अवधारणा अनुसार सक्षम र स्वायत्तता प्रदान हुनुपर्दछ । स्वतन्त्र न्यायपालिका सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डलाई आधार मानी न्यायपालिकालाई सबै प्रकारको न्यायिक विवाद हेर्ने अधिकार क्षेत्र हुनुपर्ने, न्यायिक कारबाहीमा कुनै पनि प्रकारको अनुचित हस्तक्षेप हुन नहुने, न्यायपालिकाको फैसला अन्तिम हुने तथा कानून बमोजिम माथिल्लो तहको अदालतबाट पुनर्विचार भएदेखि बाहेक अन्य कुनै निकायबाट हेरफेर वा थपघट हुन नहुने जस्ता मान्यताहरू परिवार दलले आफ्नो नीतिमा समावेश गरेको छ ।

त्यसैगरी न्यायिक निष्पक्षता र न्यायिक उत्तरदायित्वको बारेमा पनि विशेष उल्लेख हुनुपर्ने कुरामा यो दलको मत रहने छ । प्रादेशिक तथा जिल्ला तहका न्यायालय बाहेक विशेष कामका लागि विशेष अदालत तथा Fast Track अदालतहरू हुनुपर्ने यो दलको मान्यता छ । जघन्य प्रकृतिका फौजदारी मुद्दा बाहेक साधारण तथा अन्य देवानी मुद्दाहरूको छिनोफानो सबैतहका अदालत, अर्धन्यायिक निकाय, स्थानीय निकाय, प्रहरी तथा प्रशासनिक निकाय एवं सामाजिक संघसंस्थाहरूमा आएका विवादहरू सामुदायिक मध्यस्थताका आधारमा छिनोफानो गर्ने प्रणालीको विकास गरिनुपर्दछ । सामुदायिक मध्यस्थता गरिँदा कानूनबमोजिम हुन आवश्यक छ । सोको लागि मध्यस्थता गर्न सक्ने कानून व्यवसायी लगायत अन्य विभिन्न क्षेत्रका इच्छुक व्यक्तिहरूलाई प्रशिक्षण दिइनुपर्दछ । समग्रमा सबै जनतालाई न्यायको पँहुच सर्वसुलभ ढङ्गबाट प्रदान गरी समाजमा शान्ति सुव्यवस्था कायम गर्नमा न्यायपालिकाको भूमिका हुनुपर्ने यो दलको मान्यता छ ।

**संघीय महान्यायाधिवक्ता र प्रदेश तथा जिल्ला न्यायाधिवक्ता**

लोकतान्त्रिक मुलुकमा राज्य वा कार्यकारिणी सरकार प्रमुखको काम कारबाहीलाई कानून सम्मत बनाउनका लागि उचित सल्लाह दिन र कानून व्याख्या गरी समाजलाई न्यायको अनुभूति दिलाउने जिम्मेवारी पाएको न्यायपालिकालाई न्याय सम्पादनको कार्यमा सघाउ पुऱ्याउन एवं संवैधानिक र कानूनी प्रश्नमा व्यवस्थापिकालाई रायसल्लाह प्रदान गर्न कानूनको विशिष्ट ज्ञान भएको सल्लाहकारको रूपमा संघीय महान्यायाधिवक्ताको व्यवस्था हुनुपर्दछ । प्रादेशिक तथा स्थानीय निकायमा समेत राज्यका तर्फबाट तोकिएबमोजिम कानूनी सल्लाहकार प्रादेशिक र जिल्ला न्यायाधिवक्ताको व्यवस्था गरिनुपर्दछ । कानूनी सल्लाहकार राख्न नसक्ने पक्षको लागि राज्यद्वारा निःशुल्क कानूनी सल्लाहकारको व्यवस्था गरिनुपर्दछ ।

## ५. राष्ट्रले अवलम्बन गर्ने नीतिहरू

### ५.१ राष्ट्रिय सुरक्षा नीति

नेपालको भूराजनीति, अर्थ, परराष्ट्रलगायत परिवर्तित सन्दर्भलाई दृष्टिगत गरी राष्ट्रिय सुरक्षा नीति अवलम्बन गरिनुपर्ने धारणा यो दलको छ । मुलुकको समग्र पक्षलाई समेटेर विशेष सुरक्षा नीति तय गर्नु जरूरी छ । परम्परागत सुरक्षाको अतिरिक्त मानव सुरक्षालाई सुरक्षा नीतिमा समावेश हुनुपर्छ । संघीय, प्रादेशिक तथा स्थानीय तहमा आवश्यकतानुसार राजनीतिक सुरक्षा, आर्थिक सुरक्षा, सामाजिक सुरक्षा, औद्योगिक सुरक्षा, शहरी तथा ग्रामीण सुरक्षा, सीमा सुरक्षा, संगठित अपराध तथा आतङ्ककारी गतिविधि विरूद्धका सुरक्षा, पर्यावरण तथा खाद्य सुरक्षा आदिलाई समेटेर राष्ट्रिय स्तरमा एक भरपर्दो वैज्ञानिक राष्ट्रिय सुरक्षा नीति अपनाउनुपर्ने नेपाल परिवार दलको धारणा छ ।

सबै राजनैतिक दल एवं सम्बद्ध निकायहरूको सहकार्य तथा समझदारीमा राष्ट्रिय सुरक्षा नीति तर्जुमा गरिनुपर्दछ । सुरक्षा नीतिमा राष्ट्रिय अखण्डता, स्वतन्त्रता, सार्वभौमिकता, सीमा सुरक्षा, आन्तरिक शान्ति सुरक्षा तथा औद्योगिक सुरक्षा प्रमुख विषय रहनेछन् । त्यसबाहेक गम्भीर वित्तीय संकट, प्राकृतिक विपद्, खाद्य तथा ऊर्जासंकट, वातावरणमा आएको परिवर्तन आदिबाट उत्पन्न हुनसक्ने सुरक्षा संकट तथा चुनौतीलाई समेत ध्यानमा राख्ने गरी सुरक्षा नीति बन्नुपर्ने यो दलको मान्यता छ ।

### ५.२ सुरक्षा निकाय

राज्यका सुरक्षा निकायहरूमा (१) नेपाली सेना (२) नेपाल प्रहरी (३) सशस्त्र प्रहरी (४) राष्ट्रिय अनुसन्धान विभाग रहेका छन् । संविधानतः प्रधानमन्त्रीको अध्यक्षतामा रक्षा मन्त्री, गृहमन्त्री, परराष्ट्र मन्त्री आदि लगायतको प्रतिनिधित्व हुने गरी राष्ट्रिय सुरक्षा परिषद् छ । तर राष्ट्रिय सुरक्षा परिषद्मा सुरक्षाका अङ्गहरूको प्रतिनिधित्व भएको देखिदैन । तसर्थ सुरक्षा अङ्गका प्रमुखहरू प्रतिनिधित्व हुनेगरी राष्ट्रिय सुरक्षा परिषद् गठन र सुरक्षा, अर्थ, अन्तर्राष्ट्रिय सम्बन्ध आदिका विज्ञ एवं आवश्यकतानुसार पूर्व सुरक्षाकर्मी समेत राष्ट्रिय सुरक्षा परिषद्को सल्लाहकारमा राखिनु पर्दछ ।

सशस्त्र प्रहरी ऐन, २०६० र स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम केन्द्रीय, क्षेत्रीय तथा जिल्ला स्तरीय सुरक्षा समितिको व्यवस्था भएको देखिन्छ । केन्द्रीय सुरक्षा समितिको अध्यक्षतामा गृह वा गृह राज्यमन्त्री रहने र अन्य सदस्यहरूमा नेपाली सेनाको वलाधिकृत, गृह र रक्षा सचिव, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख रहने व्यवस्था छ ।  क्षेत्रीय र जिल्लाको सुरक्षा समितिको अध्यक्षमा निजामती सेवाका क्षेत्रमा क्षेत्रीय प्रशासक र जिल्लामा प्रमुख जिल्ला अधिकारी हुने र सदस्यहरूमा सबै सुरक्षा अङ्गका प्रतिनिधि रहने व्यवस्था छ । उपर्युक्त बमोजिम राष्ट्रिय सुरक्षा परिषद् तथा अन्य सुरक्षा निकायहरूमा आवश्यकतानुसार अन्य व्यक्तिलाई समेत आमन्त्रण गर्न सक्ने व्यवस्था छ ।

राज्यका सुरक्षा अङ्गहरूबाहेक नेपालभर यतिखेर ५०० भन्दा बढी प्राइभेट सुरक्षा कम्पनी मार्फत करिब २ लाख सुरक्षा गार्ड रहेको अनुमान रहेको छ । उनीहरूबीच राज्यका सम्बद्ध सुरक्षा निकाय एवं स्थानीय निकायका प्रतिनिधिहरूले  समन्वय गरी सुरक्षा व्यवस्थालाई सुदृढ र आवश्यक सूचना संकलन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

केन्द्रीय संरचनामा नेपाली सेना, प्रहरीको अपराध अनुसन्धान विभाग वा केन्द्रीय अनुसन्धान व्यूरो, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग लगायतका संरचनाहरू रहने र सो अन्तर्गत प्रान्त र जिल्लास्थित स्थानीय निकायहरूमा समेत रहनु पर्दछ । काठमाडौं उपत्यका लगायत महानगर र शहरी क्षेत्रमा महानगरीय प्रहरीको व्यवस्था हुनुपर्दछ । प्रत्येक प्रान्तमा केन्द्रको प्रतिनिधित्व सहित राज्यको आफ्नै प्रहरी सेवाको व्यवस्था गरिनुपर्दछ ।

कुनै पनि सुरक्षा अङ्गहरूबाट शक्तिको दुरुपयोग नहुने व्यवस्था र जनप्रतिनिधिको सुपरिवेक्षण हुने व्यवस्था मिलाइनुपर्दछ । विशेष गरी सुरक्षा अङ्गहरूलाई गैर राजनीतिक र तटस्थ बनाउन संघीय तथा प्रान्तीय लोकसेवा आयोगबाट नयाँ नियुक्तिको छनौट र बढुवामा निष्पक्षता अवलम्बन गराउनुपर्दछ । सुरक्षा अङ्गहरू लगायत अन्य सेवाका सेवाप्रदायक निकायहरूको कार्यप्रगति समीक्षाको बाहिरी मूल्याङ्कन गर्ने परिपाटी बसाल्न विकसित मुलुकमा गरिएको व्यवस्था अनुसार विज्ञहरूको समेत प्रतिनिधित्व हुने गरी निरीक्षण आयोग गठन हुनुपर्दछ ।

सबै सुरक्षा निकायहरूले आवश्यकतानुसार सुरक्षाका लागि जनसहभागिता जुटाउने, स्थानीय समुदायका प्रतिष्ठित व्यक्ति, समाजसेवी, महिला, युवक, शिक्षक, विद्यार्थी, श्रमिक आदिको प्रतिनिधित्व हुने गरी सामुदायिक प्रंहरी सेवा केन्द्र मार्फत जनतालाई सुरक्षाको प्रत्याभूति दिनु पर्दछ । सुरक्षा अङ्गको उच्च मनोबल हुने व्यवस्था मिलाइनुपर्दछ । सुरक्षा अङ्गका कर्मचारीहरूलाई दुरुपयोग तथा कसैको घरेलु काममा खटाउन नपाउने व्यवस्था हुनुपर्दछ । युवक एवं विद्यार्थीहरूलाई राष्ट्रिय सेवा दलमा समावेश तथा हिंसापीडितलाई सहयोग पुऱ्याउने, प्राकृतिक प्रकोप उद्धार र व्यवस्थापनमा जनसहभागिता जुटाउने आदि बारेमा युवा तथा समुदायमा प्रशिक्षण दिने व्यवस्था हुनुपर्छ ।

## ५.३ स्वतन्त्रता र मानव अधिकार

नेपाल राज्यपक्ष भई सहमति जनाएका मानव अधिकारका अन्तर्राष्ट्रिय सिद्धान्तलाई राज्यका सबै निकायबाट अवलम्बन गर्ने व्यवस्था हुनुपर्छ । स्वतन्त्रता र मानव अधिकार एक सिक्काका दुई पाटा हुन् । तसर्थ प्रत्येक नागरिक तथा राज्यका निकायहरूले स्वतन्त्रता र मानव अधिकारलाई साथसाथै लैजाने जिम्मेवारीसँग आबद्ध गरिनुपर्दछ । नेपालले अनुमोदन गरेको सबै अन्तर्राष्ट्रिय सन्धि र दस्तावेजहरू र संयुक्त राष्ट्रसंघको बडापत्रको पालना गर्न गराउनमा यो दल प्रतिबद्ध रहनेछ ।

## ५.४ कानूनी समानता

नेपालमा २००७ सालभन्दा अघिसम्म जातभात, लिङ्गको आधारमा भेदभाव गरिन्थ्यो । कानूनी नेपालको अन्तरिम संविधान २०६३ बमोजिम सबै नागरिक कानूनको दृष्टिमा समान हुन् त्यसैले कुनै पनि जनतालाई कानूनको समान सरक्षणबाट बञ्चित गरिनुहुदैन । सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जातजाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव हुनु हुदैन ।

समान कामको लागि महिला र पुरुषबीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने व्यवस्थालाई अक्षरशः पालना हुनुपर्दछ । साथै महिला, दलित, आदिवासी, जनजाति, मधेसी वा किसान, मजदूर वा आर्थिक, सामाजिक वा सास्कृतिक दृष्टिले पिछडिएका वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गरिनुपर्दछ ।

## ५.५ धार्मिक समावेशिता

नेपाल हिन्दू धर्मावलम्वीको बाहुल्य भएको तर आपुलाई मन लागेको धर्ममा आस्था राख्न पाउने स्वतन्त्रता भएको बहुधार्मिक मुलुक हो । नेपालमा विद्यमान रहेका धर्म एक आपसमा सह-अस्तित्व र सम्मानपूर्ण रूपमा रहनेछन् । प्रत्येक नागरिक आ-आफ्नो आस्था, विश्वास राख्न स्वतन्त्र रहनेछन् । शान्ति, एकता र सद्भावको लागि परम्परागत पारिवारिक मूल्यमान्यताप्रति सम्मान बढाउन धर्मको भूमिकालाई सकारात्मक शक्तिको रूपमा प्रयोग गरिनुपर्दछ । बहुसंख्यक हिन्दू धर्मावलम्बीको भावनालाई कदर गर्दै धार्मिक स्वतन्त्रता, पारस्पारिक सदभाव र मेलमिलाप हुनुपर्दछ भन्ने हाम्रो दलको मान्यता छ । प्रत्येक व्यक्तिको आस्था अनुरूपको धर्म मान्ने स्वतन्त्रता हुनुपर्दछ भन्ने मान्यता सहित कुनै पनि व्यक्तिको इच्छा विपरीत धर्म परिवर्तन गरिनुहुदैन । सबै धर्मको प्रतिनिधित्व हुने गरी एउटा अन्तरधार्मिक आयोग/समिति बनाई धार्मिक सहिष्णुता कायम राख्न नेपाल परिवार दल सिफारिस गर्दछ ।

## ५.६ सु-शासन

नेपाल भ्रष्टाचारको दलदलमा नराम्रोसंग फसेको छ । राष्ट्रिय देखि स्थानीय स्तरसम्मका राज्य संयन्त्र पनि पारदर्शी भएन भन्ने जनगुनासो छ । सरकारी कामकाजमा ढिलासुस्ती हुने गर्छ । राज्य व्यवस्था चुहिने भाँडो जस्तो भएको छ । राजनैतिक दलहरू पनि अपारदर्शी छन् । इमान जमानमा विश्वास घटेको छ । वैदेशिक सहयोगको लेखाजोखा छैन । जननिर्वाचित संस्था नहुँदा स्थानीय क्षेत्रमा करदाताको राजस्वबाट विनियोजित बजेट हिनामिना भएको छ । यस्ता बेथितीको जिम्मा कसले लिने ? भ्रष्टाचार मौलाउनुमा मूलत ठूला र पुराना पार्टीहरूनै बढी जिम्मेवार छन् । तसर्थ, हामीलाई नयाँ, पवित्र सोच र असल नेतृत्वको खाँचो छ । नेपाल परिवार दल यही खाँचो पूर्ति गर्न सबैखाले भ्रष्टाचारजन्य प्रवृत्ति र क्रियाकलापको अन्त्य गरी इमान जमानमा चल्ने, योग्यता र क्षमताको कदर हुने, नियम कानून अनुसार काम हुने, राज्यस्रोतको दुरूपयोग नहुने शुसासनको प्रत्याभूति दिन प्रतिबद्ध छ । समयानुकूल दण्डहीनताको अन्त्य गर्ने, राम्रो काम गर्नेलाई प्रोत्साहित गर्ने, राष्ट्र सेवकहरूको तलब भत्ता समायोजन गर्ने, राज्यको सम्पूर्ण निकायलाई पारदर्शी बनाउने, जनताको पसिनाबाट प्राप्त राजस्वको सदुपयोग सुशासन स्थापना गर्न चाहन्छ ।

राज्य संचालनमा सुशासन (Good Governance) को सिद्धान्तलाई अवलम्बन गरिनु आवश्यक पर्दछ । सुशासन (व्यवस्था तथा सञ्चालन) ऐन, २०६४ को प्रस्तावनामा "मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानूनी शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटोछरितो तथा कम खर्चिलो ढंगबाट पाउने व्यवस्था गर्न, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवा प्रदायक संयन्त्र तथा सहजकर्ताको रूपमा रूपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिने सम्बन्धमा कानूनी व्यवस्था भएकोले" भन्ने कुरा उल्लेख गरिएको छ । सुशासनको प्रत्याभूतिको लागि निर्वाचित जनप्रतिनिधि, कार्यपालिका, न्यायपालिका लगायत सरकारी तथा गैरसरकारी निकायहरूले आफ्नो कार्य सम्पादन गर्दा सुशासनको सिद्धान्त बमोजिम सेवाग्राही जनतालाई सर्वसुलभ ढङ्गबाट सेवा गर्न व्यवस्था मिलाइनेछ । राज्य संचालनलाई मजबुत गर्न राजनीतिक स्थिरता, भ्रष्टाचाररहित जनमुखी प्रशासन, स्वतन्त्र न्यायपालिका, जनसहभागिता, जवाफदेहिता, पारदर्शिता, दिगो विकास, विकेन्द्रीकरण, कानूनी राज्य, जनताको आधारभूत आवश्यकताको आपूर्ति, नयाँ प्रविधिको उपयोग र निश्चित भविष्यको सुनिश्चितता आदि गर्ने हाम्रो अठोट छ ।

सुशासनका क्षेत्रमा नेपालको अवस्था सन्तोषजनक भने छैन । यसका मुख्य कारणहरूमा- सधैंको आन्तरिक कलह, सशस्त्र द्वन्द्व, सार्वजनिक पद धारण गर्ने व्यक्तिहरूमा चरम नातावाद-कृपावाद, चरम भ्रष्टाचार, ढिलासुस्ती आदिका कारणले सर्वसाधारण जनता सधै नै दोहोरो चपेटामा परेका छन् । त्यसैले राष्ट्रका मुख्य अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका एवं अन्य संवैधानिक अङ्ग तथा सरकारी निकायहरूमा सार्वजनिक पद धारण गर्न चाहने व्यक्तिहरूको योग्यता जाँच, तालिम र सार्वजनिक सुनुवाई आदिको वैज्ञानिक व्यवस्था गरिनुपर्दछ । तिनीहरूको छनौट प्रक्रियामा राजनीतिक आग्रह वा पूर्वाग्रह नातावादको छायाँ पारिनुहुँदैन भन्ने मान्यता यो दलको छ । त्यसैगरी राष्ट्रका सार्वजनिक वा निजी वा सामाजिक संस्थामा सेवारत उच्चतहदेखि तल्ला स्तरसम्मको पदाधिकारीहरूका

लागि समयानुकूल अभिप्रेरणाका कार्यहरू गरिनुपर्दछ । राज्यका निकायहरूमा जिम्मेवारी वहन गर्ने व्यक्तिहरूको कर्तव्यनिष्ठता र नतीजामूलक कार्यको लागि वार्षिक समीक्षा गरिनु जरूरी छ । सु-शासन कायम गर्नको निमित्त नेतृत्ववर्गले सच्चा गुरुत्व, सच्चा अभिभावकत्व र सच्चा स्वामित्वको भावनाबाट ओतप्रोत भएर आफ्नो जिम्मेवारी पूरा गरेको हुनुपर्दछ । सार्वजनिक पदमा रहेका व्यक्तिले जिम्मेवारी तथा अख्तियारको दुरुपयोग नहुने व्यवस्था सुनिश्चितता गरिनुपर्दछ । त्यसको पारदर्शी तरिकाले मूल्याङ्कन तथा निरीक्षण गर्ने, राम्रो गर्नेलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था गर्ने र दुरुपयोग गर्नेलाई दण्ड-सजाय दिने व्यवस्था मिलाई कानूनी राज्यको अवधारणालाई प्रभावकारी रूपमा विकास गर्ने नीति लिइनेछ ।

## ५.७ आर्थिक नीति

नेपालमा अधिकांश समय राजनीति, स्वतन्त्रता र अधिकारका विषयहरूमा खर्चेको देखिन्छ । जबसम्म देशमा राजनीतिक स्थिरता, शान्ति, सुरक्षा, विकास र अर्थनीतिलाई संगसँगै लगिँदैन तबसम्म जनताको लागि आधारभूत आवश्यकता पूरा गर्न सकिदैन ।

दोस्रो विश्वयुद्धताका जापान, कोरिया, जर्मनी लगायत धेरै देशहरूले ठूलो जनधनको क्षति व्यहोर्नुपरेको थियो । ती देशका नेतृत्ववर्गले राजनीतिक विषयलगायत आर्थिक नीतिमा जोड दिएको कारण आर्थिकरूपमा उल्लेख्य प्रगति गरेका छन् । रोजगारीको लागि नेपाली युवाहरू दक्षिण कोरिया, मलेसिया र मध्यपूर्वका देशहरूमा पुग्नुपरिरहेको अवस्था छ । नेपालमा भने राजनीतिक हस्तक्षेप, मजदूर युनियनलगायतको हडताल र भ्रष्टाचारले गर्दा दिनप्रतिदिन आर्थिक अवस्था नाजुक भएको छ र मुलुकको अर्थतन्त्र रेमिट्यान्स र विदेशीको दान र ऋणमा आधारित हुन पुगेको छ भने ५ प्रतिशत निकासी हुँदा ९५ प्रतिशत पैठारी गर्नुपर्ने अवस्था छ ।

राज्यका स्वामित्वमा रहेका ३७ वटा उद्योगहरूमध्ये २१ वटा उद्योगहरू कि त बन्द छन्, कि त घाटामा छन् । उपर्युक्त तथ्यलाई दृष्टिगत गरी नेपाल परिवार दलले सिङ्गो राष्ट्रको समानुपातिक विकास र पिछडिएको क्षेत्रको उत्थानलाई विशेष प्राथमिकता दिई खुल्ला पूँजीवादी अर्थतन्त्रलाई अपनाउनेछ । देश-विदेशका लगानीकर्तालाई आकर्षण गर्न स्थायी, जवाफदेही तथा पारदर्शी अर्थनीति अवलम्बन गर्नेछ । अर्थनीतिको अन्तिम लक्ष्य भनेको सम्पूर्ण नेपाली नागरिकको सामूहिक उन्नति हो । करनीति तय गर्दा निम्न आय भएका जनसङ्ख्याको आवश्यकतालाई विचार गरिनेछ । मुलुकमा रहेको प्राकृतिक स्रोत, सांस्कृतिक सम्पदा, कृषि, पर्यटन एवं शिक्षा-स्वास्थ्य क्षेत्रका स्रोत साधनहरूलाई अधिकतम परिचालन गरी दिगो व्यवसाय विकास गर्ने नीति लिइनेछ । अर्थनीतिलाई गतिशील बनाउन सरकारी-निजी-सहकारी सहभागिता (Public-Private-Co-operative Partnership) लाई अवलम्बन गर्ने नीति लिइनेछ । सन् २०२० भित्रमा नेपालीको प्रति व्यक्ति आम्दानी कम्तिमा दोब्बर बनाइने छ ।

## ५.८ सम्पत्तिको हक र जिम्मेवारी

प्रत्येक नेपाली नागरिकलाई प्रचलित कानूनको अधीनमा रही देशको जुनसुकै भूभागमा पनि व्यवसाय संञ्चालन गर्न, सम्पत्ति आर्जन, भोगचलन, बेचबिखन र दान दिने लिने हक हुनेछ । सार्वजनिक हित बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन । तर अवैध ढङ्गले आर्जन गरेको सम्पत्तिको हकमा भने कानून बमोजिम हुनुपर्दछ । वैज्ञानिक भूमिसुधार कार्यक्रम लागु

गर्ने वा आधुनिक सहर निर्माण, उद्योग तथा कुनै नयाँ योजना सञ्चालन गर्नुपर्दा राज्यले क्षतिपुर्ति दिई व्यक्तिगत सम्पत्ति अधिग्रहण गर्न सक्नेछ ।

**५.९ राष्ट्रिय पूँजीपति**

नेपाल लोकतान्त्रिक मुलुक भएको हुँदा कुनै पनि नेपालीले आफ्नो व्यक्तिगत ज्ञान, सीप, बुद्धि र कौशलद्वारा आर्जित सम्पत्तिले परिवार, समाजलगायत राष्ट्रलाई आर्थिक टेवा पुऱ्याउन सक्दछ । तसर्थ राष्ट्रिय स्तरका पूँजीपतिहरूको उद्योग, कलकारखानाको संरक्षण, सिर्जित रोजगारीको उचित सम्मान गर्दै राष्ट्रनिर्माणमा योगदान पुऱ्याउने अवसरहरू प्रदान गरिनुपर्दछ भन्ने नेपाल परिवार दलको मान्यता छ । राष्ट्रिय पुँजीपतिले व्यवसाय संञ्चालनका लागि आवश्यक परेको खण्डमा सुरक्षा लगायतको व्यवस्था गर्नेछ ।

**५.१०. शिक्षा**

शिक्षा मानव विकासको मुख्य पूर्वाधार हो । त्यसैले राष्ट्रिय योजनामा शिक्षालाई उच्च प्राथमिकता दिइनेछ । कक्षा १२ सम्मको विद्यालयस्तरको शिक्षा निःशुल्क प्रदान गराइनेछ । उच्चशिक्षामा योग्यता र क्षमता आधारमा सबैको पहुँच सुनिश्चित हुनु आवश्यक छ । तर, विश्वविद्यालय तथा उच्च शिक्षालाई राजनीतिक अखडा र शिक्षित बेरोजगार उत्पादन गर्ने थलो बनाउन हुँदैन ।

आधुनिक शिक्षाको मुख्य उद्देश्य व्यक्तिमा अन्तर्निहित सिर्जनात्मक प्रतिभा र क्षमतालाई उजागर गर्दै मानवीय मूल्य एवं मान्यतालाई आत्मसात् गरी वैज्ञानिक दृष्टिले सामाजिक उत्थान गर्नसक्ने नागरिक तयार गर्नु हो । शिक्षाका माध्यमद्वारा प्राकृतिक स्रोतको उचित व्यवस्थापन गर्ने, आर्थिक क्षमता अभिवृद्धि गर्ने, सामाजिक परम्परा, धर्म र संस्कृतिको संरक्षण तथा सम्बर्धन गर्ने, राष्ट्रप्रति प्रेम र श्रमप्रति सम्मान सहित नवीन ज्ञान, सीप र प्रविधिको विकासमा समायोजन गर्न योग्य जनशक्ति उत्पादन गर्ने हाम्रो लक्ष्य छ ।

शिक्षालाई २१ औं शताब्दी अनुकूल जीवनोपयोगी, सान्दर्भिक, रोजगारमूलक, सीपमूलक तथा उत्पादनशील बनाउन विद्यालयतहका शिक्षाका साथै उच्च एवं प्राविधिक शिक्षामा समतामूलक हिसाबले पहुँच र गुणस्तर सुनिश्चित गर्न, विज्ञान तथा प्रविधिका उपलब्धिसँग परिचित गराउन आवश्यक छ । शिक्षा तथा शिक्षण संस्थाहरू राजनीतिक द्वन्द्व, हिंसा, समूहगत झगडा र अपराधको अखडा नबनाई शान्ति क्षेत्र, सद्भाव र सहिष्णुताको थलो बन्नुपर्दछ । कुनैपनि दलको अगुवाइमा शिक्षण संस्थामाथि गरिने विध्वंसात्मक क्रियाकलापलाई निषेध गरिनेछ ।

शिक्षाको दीर्घकालीन योजनामा समृद्ध, आधुनिक न्यायपूर्ण नेपालको विकास गर्ने, लोकतान्त्रिक समावेशी एवं समतामूलक गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गरी सचेत, सक्षम र उत्पादनशील नागरिक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको मागअनुसार ग्राह्य हुने मानवस्रोतको विकास गर्ने दूरदृष्टि नेपाल परिवार दलको छ ।

**शिक्षाका नीति तथा कार्यक्रमहरू:-**

(१) **सबैका लागि शिक्षा कार्यक्रम-** विशेष गरी पिछडिएका समुदाय, दलित, लोपोन्मुख जनजाति, आदिवासी एवं महिला वर्गको आवश्यकतालाई पहिचान गरी औपचारिक तथा अनौपचारिक आयमूलक शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने,

(२) **वैकल्पिक विद्यालय शिक्षा (दूरशिक्षा तथा खुल्ला सिकाइ कार्यक्रम)** यस अन्तर्गत सबैलाई शिक्षामा पहुँच गराउन खुल्ला शिक्षा तथा दूरशिक्षा सिकाइ, वैकल्पिक विद्यालयलगायत सबै प्रकारका विद्यालय खोल्ने, स्तरवृद्धि गर्नेजस्ता कार्यक्रमहरू विद्यालय तथा विश्वविद्यालयहरूमा लागु गर्ने,

(३) **पूर्वप्राथमिक शिक्षा/प्रारम्भिक बालविकास केन्द्र**-प्रारम्भिक उमेर समूहका बालबालिकाको पहुँच वृद्धि गर्न स्थानीय सरकारी तथा गैरसरकारी निकायहरू सहयोगमा आमा समूह, युवा समूह, उपभोक्ता समूह, बचत समूह आदि परिचालन गरी समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालन गर्ने ।

(४) **आधारभूत शिक्षा-** शिक्षाको अवसर र लगानीमा महिला, दलित, पिछडिएका आदिवासी जनजाति, मधेशी, अपाङ्ग, अतिविपन्न, द्वन्द्व पीडित/प्रभावित वर्गका बालबालिकाहरूलाई लक्षित गरी मातृभाषामा निःशुल्क प्रारम्भिक शिक्षा प्रदान गर्ने,

(५) **माध्यमिक शिक्षा**-माथि उल्लेख गरिए झैं सबै क्षेत्रका बालबालिकालाई शिक्षामा पहुँच गराउन निःशुल्क तथा छात्रवृत्तिसमेत प्रदान गर्ने व्यवस्था मिलाउने,

(६) **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम**-स्वदेश तथा विदेशको रोजगारीलाई समेत दृष्टिगत गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रविस्तार गर्ने । विशेषतः पिछडिएको क्षेत्र, वर्गलाई छात्रवृत्तिसहित प्राविधिक शिक्षा र व्यावसायिक तालिममा समावेश गराई एक परिवारमा एकजनाको रोजगार सुनिश्चित गर्ने व्यवस्था मिलाउने,

(७) **उच्च शिक्षा**-उच्चशिक्षामा सबैको लागि सर्वसुलभ पहुँच गराउनका साथै गुणस्तरमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने । विद्यालय तथा विश्वविद्यालयको अनुगमन, समीक्षा र मूल्याङ्कन परिपाटीमा जोड दिने,

(८) **शिक्षामा गुणस्तर विकास**-शिक्षामा गुणस्तर विकास गरी सबै शैक्षिकस्तरमा बहुसंख्यक विद्यार्थीहरू उत्तीर्ण गराउनका लागि जिम्मेवार अभिभावक, शिक्षक तथा व्यवस्थापन समितिलाई निष्पक्ष र प्रभावकारी बनाउने । जनताको करबाट तलब, भत्ता तथा सुविधा लिने शिक्षक तथा प्राध्यापकहरूलाई बढी नैतिकवान्, जिम्मेवार र कर्तव्यनिष्ठ बनाउन विद्यार्थी, अभिभावक, व्यवस्थापन समितिलाई बढी जागरूक बनाउने । खेताला शिक्षकको माध्यम तथा प्रत्यक्ष रूपमा राजनीतिक दलका कार्यकर्ताको रूपमा शिक्षक तथा प्राध्यापकहरू हुन नपाउने व्यवस्थातर्फ नागरिकलाई जागरूक गराउने र विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरी राजनीतिक हस्तक्षेप मुक्त गर्ने ।

(९) **युवा विकास, स्काउट तथा समाजसेवा**-बाल्य अवस्थादेखि नै बाल/युवा विकास सम्बन्धी गतिविधि सञ्चालन गर्ने । सरकारी तथा गैरसरकारी निकायहरूबाट गरिने क्रियाकलापहरू जस्तै स्थलगत भ्रमण र समाजसेवा, युवाको अवस्था मूल्याङ्कन र समीक्षा, युवा सांसदको कार्यक्रम, युवा अनुभव तथा स्वयम् सेवक आदानप्रदान आदि कार्यक्रम सञ्चालन गर्ने,

(१०) **भौतिक निर्माण तथा पुनःनिर्माण सम्बन्धी कार्यक्रम**-सरकारको अतिरिक्त सामाजसेवी, उद्योग व्यवसायी, व्यापारी, कृषक आदिको सहयोगबाट आ-आफ्ना क्षेत्रका स्थापित र

स्थापना हुन विद्यालयहरूको अवस्थाको मूल्याङ्कन गरी प्रोत्साहन र पुरस्कार दिने व्यवस्था गर्ने,

(११) **सरकारी र निजी शिक्षण संस्थाहरूलाई समाजसेवा र रोजगारीमूलक उद्योगको रूपमा लिने-** राज्यले सरकारी शिक्षण संस्थाहरूमा ठूलो धनराशि खर्च गरेता पनि अपेक्षाकृत उपलब्धि हासिल हुन सकेको देखिँदैन । निजी तथा सरकारी विद्यालयलाई गुणस्तरीय बनाई विदेशी विद्यार्थीहरू समेत नेपालमा आउने वातावरण सिर्जना गरी समाज सेवा र रोजगारीमूलक शैक्षिक उद्योगको रूपमा राज्यले विकास र संरक्षण गर्नुपर्दछ ।

(१२) **स्वदेशमै गुणस्तरीय प्राविधिक तथा अप्राविधिक शिक्षा प्रदान गर्ने-** विश्वविद्यालयका पदाधिकारीहरू राजनीतिक भागबण्डामा नियुक्ति हुँदाको परिणाम स्वरूप उत्पन्न अस्तव्यस्तताको कारण नेपालका हजारौँ विद्यार्थी विदेशमा पठनपाठनको लागि जाँदा अर्बौको रकम विदेशिएको छ । विदेशी विश्वविद्यालयहरूसँग सम्बन्धन लिएर नेपालमा शैक्षिक कार्यक्रम चलाउने संस्थामार्फत सम्बन्धन शुल्क, परीक्षा शुल्क, प्रमाणपत्र शुल्क लगायतका बिभिन्न शीर्षकमा मात्र वार्षिक पाँच अर्ब रूपैयाँ विदेशिएको अनुमान छ । यसलाई निरुत्साहित गर्न नेपालमै गुणस्तरीय शिक्षा दिने व्यवस्था मिलाउने नीति हाम्रो छ । विश्वविद्यालयमार्फत दिइने शिक्षालाई अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने बनाउनु पर्दछ । समायानुकूल बहुप्राविधिक विश्वविद्यालय (Polytechnic University), खुल्ला विश्वविद्यालय (Open University) स्थापना लगायत उदार शिक्षा नीति नेपाल परिवार दलले लिएको छ ।

सामुदायिक विद्यालयको गुणस्तर उकास्ने र निजी विद्यालयको व्यापारीकरण अन्त्य गर्नु पर्छ भन्ने हाम्रो मान्यता छ । समग्रमा ज्ञान र सीपको प्रसारण र असल चरित्र तथा दिगो पारिवारिक संरचना र मूल्यमान्यतालाई टेवा पुर्‍याउने नैतिक शिक्षामा विशेष जोड दिनु आवश्यक छ । शिक्षाको समष्टिगत लक्ष्यहरूमा, (क) देश र जनताको बृहत्तर हितमा तल्लीन हुन उत्प्रेरणा जगाउने हृदयको विकास, (ख) सौहार्दपूर्ण मानव सम्बन्ध र सामाजिक सहिष्णुताको लागि नैतिक तथा अध्यात्मिक विकास (ग) समाजमा योगदान पुर्‍याउन सक्ने खुवी भएका दक्ष जनशक्ति उत्पादन गर्नु हो ।

**५.११ <u>स्वास्थ्य</u>**

राज्यको एक प्रमुख दायित्व भनेको नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्नु हो । स्वास्थ्य सेवासम्बन्धी नीतिहरू प्रतिरोधात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक गर्ने प्रकृतिको हुनेछन् । यसमा पूर्वीय तथा पाश्चात्य उपचारप्रणालीलाई समेटिनेछन् । प्राथमिक स्वास्थ्य उपचार सबै नागरिकलाई निःशुल्क र सरल तरिकाले उपलब्ध गराइनेछ । मातृ-शिशु स्वास्थ्यको विषयमा सम्पूर्ण पक्षहरू समेटेर समष्टिगत रूपमा सम्बोधन गरिनेछ । व्यक्तिको स्वास्थ्य र प्रगतिको निर्णायक तत्व भनेको व्यक्तिको आफ्नै परिवार हो । एउटा पूर्ण परिवारले जन्मेको क्षणदेखि प्रारम्भ भई जीवनभर निरन्तर सकारात्मक प्रभाव दिइरहन्छ । अतः विभिन्न पुस्ताको परिवारप्रणाली मार्फत प्राप्त हुने आडभरोसाको पहिचान गर्दै त्यसको विकासमा जोड दिइनुपर्दछ । प्रतिरोधात्मक स्वास्थ्य सेवाअन्तर्गत सरकारले हाम्रो पारिवारिक संस्कारको गौरवमय परम्परालाई व्यवस्थितगर्न तथा बढावा दिन सक्दो प्रयास गर्नुपर्दछ । HIV-AIDS को बढ्दो प्रकोपबाट राष्ट्रलाई सुरक्षित राख्न विश्वमा सफल प्रमाणित भैसकेको A.B.C-Model लागू गरिनेछ, भने दुर्व्यसनीको रोकथाम र पुनर्स्थापनलाई पनि सशक्त रूपमा सम्बोधन

गरिनेछ । निम्न आय भएका नागरिकलाई सामान्य खर्चबाट उपचार हुन नसक्ने गम्भीर प्रकृतिका रोगहरूको उपचार सरकारी अस्पतालमा निःशुल्क गराईनेछ । यसका लागि स्वास्थ्य बिमाको व्यवस्था मिलाईनेछ । स्वाथ्य क्षेत्रमा अविरल रूपमा कार्यरत रहेका प्रत्येक वडाका महिला सवास्थ्य स्वयंसेविकाको स्तरोन्नति गरी सीप विकास तालिम प्रदान गरिनेछ ।

### ५.१२ सञ्चार माध्यम

सञ्चार माध्यमले राष्ट्रको समुन्नत हितलाई अगाडि बढाउन ठूलो भूमिका खेल्न सक्ने भएकोले नेपालको सर्वाङ्गीण विकास र प्रगतिको लागि स्वतन्त्र र जिम्मेवारपूर्ण सञ्चार माध्यम राष्ट्र निर्माणको एउटा महत्वपूर्ण अंग हो । यो दल प्रेस स्वतन्त्रताको पूर्ण सम्मानको लागि कटिबद्ध छ । विद्यालयको औपचारिक शिक्षा पश्चात् भए पनि, हामी छापाखाना वा विद्युतीय माध्यमहरूमार्फत विभिन्न उपयोगी शिक्षा प्राप्त गरी नै राखेका हुन्छौं । सञ्चारको भूमिका राष्ट्रका नागरिकहरूलाई निरन्तर रूपमा सुशिक्षित तथा सुसूचित गरिराख्ने भएकोले सञ्चारमा कार्यरत पुरुष तथा महिलाले सिङ्गो समाजको नै शिक्षक र शिक्षिकाको भूमिका निर्वाह गरिरहेका हुन्छन् । अतः सञ्चार क्षेत्रको अभूतपूर्व शक्तिलाई सामाजिक जिम्मेवारी वहन गर्न अभिप्रेरित गर्दै, शान्ति, निर्माण र संस्कृतिको विकासमा मुख्य मूमिका खेल्ने माध्यमको रूपमा विकास गरिनेछ । सम्पूर्ण सञ्चारकर्मीहरूलाई एउटै साझा तथा वृहत् छातामुनि ल्याई प्रशिक्षण, निरीक्षण तथा सेवा उपलब्ध गराई हक, हित, जिम्मेवारी र सुरक्षाको सुनिश्चितता गर्ने वैज्ञानिक संयन्त्र विकास गर्ने सोच यस दलको छ । संवैधानिक रूपमा संचारपालिका स्थापना गर्ने, पत्रकारहरूको बिमा व्यवस्था गर्ने, जीवनको सुरक्षा गर्ने लगायतका कार्यहरू नेपाल परिवार दलले प्राथमिकतामा राख्नेछ । हरेक नागरिकले आफ्नो मौलिक हक अधिकार र यसको प्रयोग कसरी गर्ने बारेमा संचार जगतले निरन्तर जानकारी दिने भूमिका निर्वाह गर्नुपर्दछ ।

### ५.१३. नागरिकता

नेपालको प्रचलित कानूनबमोजिम सबै नेपालीलाई राज्यले सर्व-सुलभ ढंगबाट नागरिकता प्रदान गर्नुपर्दछ । नागरिकताको प्रमाणपत्र प्रदान गर्ने कार्यालयमा उपस्थित हुन नसक्ने अशक्त, ज्येष्ठ नागरिक, अपाङ्ग, वृद्धाश्रममा आश्रित व्यक्तिहरू लाई सुलभ ढंगबाट घुम्ति सेवा मार्फत नागरिकता दिलाइनुपर्दछ । नेपाल सरदभित्र फेला परेका पितृत्व र मातृत्वको ठेगान नभएका प्रत्येक नाबालकलाई निजको बाबुआमा पहिचान नभएसम्म वंशजको आधारमा नागरिकता प्रदान गरिनुपर्दछ । त्यस्तो अवस्थामा स्थानीय निकाय, प्रहरी वा सामाजिक संघसंस्थाहरूले समेत आवश्यक सहयोग पुऱ्याउनुपर्दछ । आमाको आधारमा पनि छोराछोरीलाई नागरिकता प्रदान गरिने व्यवस्था मिलाइनेछ ।

नेपाली पुरुषका विदेशी पत्नी र तिनीहरूबाट जन्मेका सन्तान सरह नेपाली नारीको विदेशी पति तथा तिनीहरूबाट जन्मेका सन्तानले पनि नागरिकता पाउनुपर्दछ तर विदेशी पति या पत्नीले सम्वन्धित देशको कानून बमोजिम नागरिकता त्याग्नुपर्ने छ । यस्ता पति या पत्नीलाई भिसा दस्तुर मिनाहा गरी लगानी तथा व्यवसायको क्षेत्रमा प्रोत्साहित गर्नु उपयुक्त हुन्छ ।

नेपालको विभिन्न क्षेत्रमा विशिष्ट योगदान दिने विदेशी नागरिकको कार्यमूल्याङ्कन गरी अंङ्गीकृत वा सम्मानार्थ नागरिकता प्रदान गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

विदेशीलाई गैर कानूनी तरीकाले नागरिकता दिलाउने उपर कडा कानूनी कारवाही हुनुपर्दछ। अनियमित नागरिकता वितरण भएको जनगुनासो छानबीन गरी कानूनद्वारा नागरिक हुन अयोग्य ठहरिएकाहरूको नागरिकता रद्द गर्नुपर्छ भन्ने हाम्रो मान्यता छ।

**५.१४ भाषा, साहित्य र संस्कृतिको विकास सम्बन्धमा**

हाम्रो देश नेपाल भाषा, संस्कृति र सभ्यताको दृष्टिकोणले सम्पन्न छ । यहाँका प्राचीन संस्कृति, मठमन्दिर, धर्मशाला, पाटी, पौवा, गुम्बालगायत विभिन्न धर्मावलम्बीहरूको आस्था केन्द्रहरूको संरक्षण हुन आवश्यक छ । भाषा, साहित्य र संस्कृतिको उच्चतम विकास र प्रबर्धन नभई राष्ट्र समुन्नत हुन सक्दैन ।

मुलुकको कलासंस्कृति, साहित्य, सम्पदाको संरक्षण र विकास गर्न केन्द्रीय, प्रान्तीय र स्थानीय तहमा प्रभावकारी संयन्त्रको विकास गरी धार्मिक पर्यटन आबद्ध गरिनु पर्दछ। मूलतः नेपालमा बसोबास गर्ने प्रत्येक समुदायले आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यताको सरंक्षण र संबर्द्धन गर्ने अधिकार राख्दछन् । प्रत्येक समुदायलाई आफ्नो मातृभाषामा आधारभूत शिक्षा दिलाउने व्यवस्था गरिनुपर्दछ । धार्मिक र सांस्कृतिक स्थल, कलासाहित्य केन्द्रलाई सबै नेपालीको धरोहरको रूपमा कायम राख्नुपर्ने नेपाल परिवार दलको मान्यता छ ।

**५.१५ वैदेशिक नीति**

नेपाल एसियाका ठूला र शक्तिशाली देशहरू- चीन र भारतबीच अवस्थित एक भूपरिवेष्ठित राष्ट्र हो । छिमेकी मित्रराष्ट्रहरू र अन्य मित्र राष्ट्रहरूसंग समानताको आधारमा कूटनैतिक सम्वन्ध राखिनेछ । विदेश नीति अवलम्बन गर्दा राष्ट्रिय पहिचान, स्वाधीनता तथा राष्ट्रिय हितलाई सर्वोपरि राखी नेपालले सबै देशहरूसँग मित्रवत् रूपले “सबै राष्ट्रहरू एउटै विश्व परिवारका सदस्यहरू हुन्” भन्ने मान्यताका साथ पञ्चशीलको सिद्धान्तमा आधारित परराष्ट्र नीति सञ्चालन गरिनु पर्दछ। नेपाल सधै विश्व शान्तिको पक्षमा रहने छ।

नेपालको भूमिलाई कुनै पनि मित्रराष्ट्र विरुद्धमा प्रयोग हुन नदिने यस दलको नीति छ । संयुक्त राष्ट्रसंघ तथा अन्य देशहरूसँग पारस्परिक सहयोगको सम्बन्ध विस्तार गर्ने नीति लिनेछ । विश्वको सर्वोच्च शिखर भएको र शान्तिदूत गौतम बुद्ध जन्मेको देशका नेपालीहरूलाई “शान्ति नागरिक” को मान्यता प्रदान गर्न र सम्पूर्ण नेपालीहरूलाई विश्वभरी स्वतन्त्र र सहज रूपले भ्रमण तथा व्यवसाय सञ्चालन गर्न पाउने व्यवस्थाको लागि पहल गरिनेछ । विगतमा विदेशी मुलुकसँग गरिएका असमान सन्धि सम्झौतालाई समयानुकुल पुनराबलोकन, संशोधन र खारेज गर्नु पर्दछ भन्ने हाम्रो पार्टीको मान्यता छ।

मित्र राष्ट्रहरूसँगको सम्बन्धलाई पारस्परिक हितका आधारमा समृद्ध बनउने र देशको प्रतिष्ठालाई उच्च स्तरमा प्रतिनिधित्व गर्न पठाइने देशका राजदूत लगायत कूटनीतिज्ञहरूको चयन गरिँदा पारदर्शी, समावेशी तथा योग्यताको आधारमा जोड दिइनेछ।

**५.१६. गैर-आवासीय नेपाली तथा विदेशी मित्रहरू**

नेपालको जनसंख्याको झण्डै एक तृतीयांश नेपालीहरू उद्योग व्यवसाय, अध्ययन तथा रोजगारीका लागि भारतलगायत तेस्रो मुलुकमा बसोबास गरिरहेका छन् । उद्योग व्यवसाय तथा रोजगारमा रहेका नेपालीले पठाएको रकम रेमिट्यान्सले नेपालको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याएको छ । तसर्थ उनीहरूको योगदानलाई अझ बढी प्रभावकारी बनाउन विदेशमा रहेका गैरआवासीय नेपाली नागरिकहरूलाई आफ्नो मातृभूमिको विकासमा सहभागी

गराउन नेपाल सरकार मातहतमा रहने गरी एक गैरआवासीय नेपाली आयोग (N.R.N Commission) गठन गरिनुपर्ने यस दलको मान्यता छ । उक्त आयोगले गैर-आवासीय नेपालीको हित गर्नुको साथै उनीहरूलाई नेपालमा लगानी गर्न अग्रसर गराई राष्ट्रको आर्थिक विकासमा टेवा पुऱ्याउन सहजकर्ताको भूमिका निर्वाह गर्नेछ । साथै विदेशबाट आउने पर्यटक तथा अन्य विदेशीहरूको क्षमता र भूमिकाको आधारमा भिसा र पदयात्राको प्रक्रियामा सहजीकरण गराउनेतर्फ राज्यले भूमिका खेल्नुपर्दछ भन्ने यो दलको नीति छ । एकपटकको नेपाली सधैंको नेपाली भन्ने मान्यतालाई चरितार्थ गरी गैर आवासीय नेपालीलाई दोहोरो नागरिकता वा परिचय पत्रको व्यवस्था गरिनुपर्छ भन्ने हाम्रो मान्यता छ ।

## ५.१७ राज्यका क्रियाकलापमा जनसहभागिता

नेपाल देश सम्पूर्ण नेपालीको साझा घर हो । यो घररूपी देशको विकासमा स्वदेश तथा विदेशमा रहेका सबै उमेरका नेपालीको सकारात्मक तथा उत्साहपूर्ण सहभागिता आवश्यक हुन्छ । अतः सम्पूर्ण क्षेत्र, वर्ग भाषाभाषी, लिङ्ग, धर्म, जातजाति, ब्यवसाय, सीप र समूहका असल र योग्य व्यक्तिहरूको उत्साहपूर्ण सहभागिता सम्भव गराउन (१) ज्येष्ठ र अनुभवी वर्गको सहयोग, (२) युवा वर्गको निस्वार्थ सेवा र समर्पण, (३) महिला वर्गको धैर्य र शान्ति, (४) बौद्धिक क्षेत्रको मार्ग दर्शन आवश्यक छ ।

## ५.१८ सामाजिक सद्भाव

बहुजाति, बहुभाषि, बहुसंस्कृतिबीच आपसी प्रेम र एकता कायम गरी सामाजिक सद्भाव बलियो बनाइने छ । १२६ जाति र १२३ भाषाभाषी सबै नेपालीहरूको धर्म-संस्कृतिको सम्मान गर्दै राष्ट्रिय हितमा सबै अग्रसर हुने तथा सद्भाव खल्बलिने कार्यलाई निरुत्साहित गरी सद्भाव बलियो बनाउने कामलाई अभियानको रूपमा सञ्चालन गरिने छ । नेपाल परिवार दलले नेपालका सम्पूर्ण जातिसँग मितेरी सम्बन्ध स्थापना गरी सामाजिक सद्भाव बलियो बनाउने कार्यक्रम सञ्चालन गरिरहेको छ ।

## ५.१९ नैतिकवान समाज समानता

सम्पूर्ण मानिस समान हुन् । एक व्यक्तिले अर्को व्यक्तिलाई कुनै पनि बहानामा गर्न सक्ने सबैखाले विभेदको अन्त्य हुनुपर्दछ । नेपालमा धनी र गरीबबीच, एक जाति र अर्को जातिबीच, एक क्षेत्रमा बसोबास गर्ने र अर्को क्षेत्रमा बसोबास गर्ने नेपाली बीचको विभेद अन्त्य भैसकेको छैन । राष्ट्रिय सम्पतिको असमान वितरणको कारणले समाजमा असमानता विद्यमान छ । महिला र पुरुष बीच पनि विभेद यथावत् नै छ । शारीरिक अपाङ्ग र सपाङ्ग बीच, बहुसंख्यक र अल्पसंख्यक बीच, बलियो र कमजोर बीचको विभेदले समाजमा विद्रोह पैदा गर्छ । तसर्थ, नेपाल परिवार दल समानताको लागि सामाजिक न्यायपूर्ण वितरण प्रणाली विकास गराउने, वर्गीय उत्पीडनमा परेकालाई अवसर दिएर जीवन स्तर माथि उकास्ने, विभेदकारी नीति, कानून खारेज गर्ने पक्षमा छ । त्यसैगरी आदिवासी तथा जनजाति, मधेसी, मुस्लिम, थारू, दलित, ओ.बि.सी., पिछडावर्ग समुदाय, विपन्न वर्ग लगायतलाई राज्यबाट प्राप्त हुने अवसर, सुविधा, आदीमा उच्च प्राथमिकता पाउनुपर्छ भन्ने मान्यता राख्दछ । आर्थिक विपन्नता र सामाजिक सूचकाङ्कको आधारमा अति निम्न आयस्तर भएका तथा पिछडिएका वर्गलाई केही निश्चित समयका लागि आरक्षणको व्यवस्था गर्न हाम्रो पार्टी प्रतिबद्ध छ ।

## ६. मानव विकास

### ६.१ महिला सहभागिता, सशक्तीकरण तथा लैङ्गिक समानता र समावेशीकरण

विश्वभरि नै महिलाको हकहित, सहभागिता, सशक्तीकरण, समानता, समावेशीकरण र सुरक्षामा विशेष महत्व दिँदै आएको छ । मुख्यतः पारिवारिक सन्दर्भदेखि राष्ट्रिय जीवनका विभिन्न पक्षमा महिला र पुरुषहरूबीच विद्यमान असमानता अन्त्य गर्नु र महिलाहरूको आर्थिक, सामाजिक तथा राजनीतिक अवस्थालाई माथि उठाउनु आवश्यक छ । ग्रामीण र पिछडिएका समाजका महिला वर्गको अवस्था झन कमजोर छ । विगतको सशस्त्र द्वन्द्व र विस्थापनले गर्दा मानव बेचविखन घटनालगायत महिला तथा बालबालिका विरुद्धका अपराधहरू बढेको देखिन्छ ।

यस स्थितिमा राज्यको प्रतिबद्धताअनुरूप लैङ्गिक समानता हासिल गर्न र नीति निर्माण तहमा महिला प्रतिनिधित्व ३३ प्रतिशतभन्दा माथि पुऱ्याउन महिलाकोलागि विशेष कार्यक्रमहरू लागू गरिनेछ । मन्त्रालय र विभिन्न निकायले संञ्चालन गरेका लैङ्गिक मूलप्रवाहीकरणलाई आफ्नो साझा उत्तरदायित्वका रूपमा आत्मसात् गरी केन्द्रीय तहदेखि ग्रामीण तहसम्म महिला क्रियाशील सहभागिता वृद्धि गर्ने कार्यक्रम र परियोजनाहरूलाई निरन्तरता प्रदान गरिनेछ । महिलामा अन्तर्निहित स्वाभाविक गुणका कारणले महिलावर्ग पारिवारिक प्रेम, सद्भाव तथा शान्तिलाई बढावा दिने क्षमता हुन्छ । जसरी परिवारमा बुबा र आमाबीचको सुसम्बन्धले सन्तानको लालनपालनमा भौतिक पूर्वाधार तथा भावनात्मक परिपक्वता तयार गर्दछ, त्यसरी नै राष्ट्रनिर्माणको कार्यमा पुरुष र महिलाको समान हिस्सेदारी र सहकार्यले राष्ट्र निर्माणकोलागि उपयुक्त आधार प्रदान गर्दछ । अतः महिला हिंसा, घरेलु हिंसा तथा लैङ्गिक भेदभावलाई जरैबाट उन्मूलन गर्न यस दलले महिला समावेशी, सशक्तीकरण, सुरक्षाका साथै रोजगारी र नीति निर्माण तहमा पुऱ्याउन विशेष पहल गर्नेछ । साथै, महिला हिंसाविरूद्ध आवाज उठाउन र शान्ति सुरक्षालाई भरपर्दो बनाउन महिला सुरक्षा समितिहरू निर्माण गर्ने/गराउनेमा यो दलले भूमिका खेल्नेछ । यो दलको केन्द्रदेखि स्थानीय स्तरसम्मका सबै तहमा पर्याप्त महिला सहभागिता गराउने नीति लिएको छ । आगामी १० वर्ष भित्रमा महिलालाई राष्ट्रको शीर्ष जिम्मेवारी (राष्ट्रप्रमुख, सरकार प्रमुख, सभामुख) मा पुऱ्याउन नेपाल परिवार दल कटिबद्ध छ ।

### ६.२ शहिद परिवार तथा एकल महिला

व्यक्तिगत स्वार्थभन्दा माथि उठी उच्च आदर्शका लागि जीवनको आहूति दिने सपुतहरू देशका वीर वीराङ्गनाहरू र शहिद हुन् । तिनका परिवारलाई राज्यले सम्मान प्रकट गर्नु पर्दछ । त्यसैगरी, सशस्त्र द्वन्द्वबाट पीडित, विस्थापित र शारीरिक रूपमा अङ्गभङ्ग भएकाहरूलाई पनि विना भेदभाव राज्यले सहयोग पुऱ्याउनु पर्दछ । यस सन्र्दभमा एकल महिला, अनाथ, बालबालिका, असहाय, बृद्ध, अपाङ्ग, अशक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति नेपाल परिवार दलले अवलम्बन गर्नेछ ।

### ६.३ बाल विकास

नेपाल बालबालिकाको संख्या अधिक भएको देशमा पर्छ । २०६८ (२०११) को जनगणनानुसार नेपालमा १६ वर्षसम्मका बालबालिको संख्या १ करोड ५ लाख ४६ हजार ८६३ अर्थात् कूल जनसंख्याको ३९.०८ प्रतिशत छ । जनसंख्याको यति ठूलो हिस्साको एकीकृत तथ्यांक लिन आवश्यक छ । (१) बालबालिकाको आधारभूत आवश्यकतासहित स्वदेश तथा विदेशका विद्यालयमा पठनपाठन गराउन सक्ने क्षमता भएका परिवार र उनीहरूका सन्तति, (२) परिवार तथा बाबुआमाले परिश्रम गरी स्वदेशको सरकारी तथा निजी विद्यालयमा पठनपाठन

गराउन सक्ने बालबालिका, (३) बालबालिकाहरूमध्ये छोरालाई विद्यालय पठाउने र छोरीलाई नपठाउने परिवार र उनीहरूका छोराछोरी, (४) छोरा वा छोरी दुवैलाई विद्यालय नपठाउने अभिभावक वा बाबुआमा, (५) बाबुआमासँगै बालश्रम गर्ने बालबालिका, (६) कारागारमा बन्दी जीवन व्यतित गरिरहेका बाबुआमाका आश्रित छोराछोरीहरू, (७) विभिन्न कारणले घर छोडी सडकका बालबालिकाहरू, (८) सशस्त्र द्वन्द्वमा बाबुआमा गुमाएका बालबालिका, (९) उद्योग कलकारखाना/होटल/रेष्टुराँ तथा व्यक्तिहरूको घर आदिमा कार्यरत बालश्रमिकहरू, (१०) बालदुराचार (Juvenile Delinquency/Childdren conflict with law) मा परेका बालबालिका, (११) विभिन्न अपराधबाट पीडित बालबालिका (Conflict and Crime Victims), (१२) कुपोषणबाट ग्रसित बालबालिका, (१३) बेचविखनमा परेका बालबालिका, (१४) एच.आई.भी. रोग आदिबाट प्रभावित रहेका बालबालिका आदिको जानकारी हुन आवश्यक छ । उनीहरूको अवस्थलाई वर्गीकरण गरी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सरकारी निकाय तथा गैरसरकारी संघसंस्थाहरूबाट बालबालिकाको स्वास्थ, शिक्षा, विकास र सुरक्षाका क्षेत्रमा पहल गरिनुपर्दछ । मुलुकभरिका बालमन्दिर, गैर सरकारी संस्थाद्वारा सञ्चालित आवासीय बाल सेवाकेन्द्रहरूलाई उचित प्रोत्साहन तथा अनुगमन गर्नका साथै सम्पन्न र हुनेखाने प्रत्येक परिवार वा व्यक्तिले हुँदाखाने वा विपन्न र जोखिममा परेका बालबालिकाहरूलाई मानवीयताको आधारमा स्वतस्फूर्त सहयोग गर्ने गराउने अभिप्रेरणासहित जगाउने यो दलको नीति रहेको छ । आजका बालबालिका भविष्यका कर्णधार भएकाले उनीहरूको प्रतिभा प्रस्फुटन गराउन केन्द्रदेखि स्थानीय स्तरसम्म "वाल विकास योजना" लागू गर्ने र वालबालिकाको शारीरिक, मानसिक, मनोवैज्ञानिक र चारित्रिक विकासमा जोड दिँदै उनीहरूलाई बालशान्तिदूतको रूपमा भूमिका वहन गर्न अभिप्रेरित गर्ने/गराउने नीति यस दलको छ । बालबालिकासम्बन्धी प्रचलित ऐन, नियम तथा नीति निर्देशनहरूलाई समयानुकूल परिमार्जन र सो अनुकूल कार्यान्वयन गर्ने/गराउनेमा यो दलले सम्बद्ध सबै पक्षलाई सहयोग पुऱ्याउने प्रयत्न गर्नेछ ।

### ६.४ युवा वर्ग तथा विद्यार्थी

हाम्रा युवाहरू भविष्यका कर्णधार र वर्तमानका साझेदार, विकास तथा परिवर्तनका संवाहक हुन् । युवाहरूलाई सिर्जनशील, सीपयुक्त, अनुशासित र जिम्मेवार नागरिकको रूपमा विकसित हुने अवसर सिर्जना गर्ने दायित्व राज्यको हो । राज्यले युवाहरूलाई देशको सर्वाङ्गीण विकास र निर्माण तथा सामाजिक सेवा र स्वयंसेवामा लगाई स्वरोजगारीका अवसर उपलब्ध गराउने, राजनीतिक, सामाजिक, आर्थिक परिवर्तन र गतिशीलतामा सहभागी गराउने नीति अंगाल्नु पर्दछ । अहिले परिवर्तनकालागि कर्मशील युवाहरूबाट उनीहरूको प्रतिभा तथा उर्जाबाट समुदाय, समाज तथा राज्यले लाभ लिन नसकिरहेको अवस्था छ ।

स्वदेशमा रोजगारी सिर्जना गर्न नसकेको कारण लाखौं युवा विदेशिन बाध्य छन् । स्वदेशमा रहेकामध्ये कतिपय युवाहरू दुर्व्यसनीको कुलतमा फस्ने, गुण्डागर्दी, संगठित अपराध तथा हिंसामा संलग्न हुने गरेका छन् । यिनै तथ्यलाई दृष्टिगत गरी युवाहरूलाई सक्षम र जिम्मेवार बनाउँदै उनीहरूको ऊर्जा र क्षमतलाई देश र जनताको भलाइ र विकासमा लगाउने नीति लिनेछ ।

२०६८ सालमा जनगणना हुँदाका बखत विदेश गएकाबाहेक नेपालमा कूल जनसंख्याको ७५.३७ प्रतिशत शुन्य देखि ३९ वर्ष उमेर समूहका १,९९,५७,२७५ जना छन् । तीमध्ये १५ देखि ३९ वर्ष समूहका युवाहरू मात्र ४०.४३ प्रतिशत अर्थात् १,०७,०९,०२९ जना छन् । ग्रामीण क्षेत्रका युवाहरू सहरतर्फ आकर्षित हुने क्रम बढ्दो छ । राज्यले राष्ट्रिय योजना

आयोग, सरकारी तथा गैरसरकारी निकाय एवं शैक्षिक संस्थानहरूमार्फत युवावर्गलाई देश विकास र निर्माणको लागि सकारात्मक सोचका साथै अनुशासित, कर्तव्यनिष्ठ तथा जिम्मेवारी वहन गर्ने अवसर प्रदान गर्नुपर्ने नीति लिनु पर्दछ । आगामी १० वर्ष भित्रमा युवालाई राष्ट्र प्रमुख तथा प्रधानमन्त्री जस्तो शीर्ष जिम्मेवारीमा पुऱ्याई नेतृत्वको पुरानो ढाँचा परिवर्तन गरी नयाँ ढाँचामा रूपान्तरण गर्ने योजना नेपाल परिवार दलको छ । राज्यको तर्फबाट युवाहरूलाई रोजगारीको सुनिश्चितता गर्ने र रोजगारी दिन नसकेमा बेरोजगारी भत्ता उपलब्ध गराउने नीति लिइनेछ । यसका साथै विभिन्न शैक्षिक संस्थाहरूमा अध्ययनरत विद्यार्थीहरूलाई पनि पठनपाठनको अलावा रचनात्मक र जानकारीमूलक तथा नेतृत्वदायी भूमिकामा अग्रसर गराउने यस दलको नीति छ । त्यसैगरी विद्यार्थीको मस्तिष्क र हृदय दुवैपक्षमा समान रूपले विकास गराई बौद्धिक र चारित्रिक गुणयुक्त जनशक्ति उत्पादन गर्न वर्तमान शिक्षा नीतिमा समयानुकूल परिमार्जन गर्दै लैजाने यस दलको नीति छ । युवाहरूको मानसिक, शारीरिक, बौद्धिक, आध्यात्मिक विकासलाई ध्यानमा राखी समयानुकूल राष्ट्रिय युवा नीति निर्माण तथा परिमार्जन गरिदै लगिनेछ । युवा शक्ति विदेश पलायन हुने क्रम रोक्न आवश्यक रोजगारीका अवधारणाहरू अघि सारिनेछ ।

### ६.५ आदिवासी र जनजाति

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं बहुसांस्कृतिक देश हो । यहाँ कुल जनसंख्याको ३७.२ प्रतिशत आदिवासी जनजाति बसोबास गर्दछन् । अनुसूचित ५९ आदिवासी जनजातिहरूमध्ये वनकरिया, कुसुण्डा, छौरोतन, राउटे जस्ता अत्यन्तै थोरै जनसंख्या भएका समूहदेखि लिएर मगर, थारू, तामाङ जस्ता दशलाखभन्दा बढीको जनसंख्या भएका समूहहरू पनि पर्दछन् । यसै समूहमा कुसुण्डा, सुरेल, हायू, राजी, लाप्चा जस्ता लोपोन्मुख समूहदेखि नेवार, थकाली जस्ता उन्नत समूह पनि छन् । अधिकांश आदिवासी जनजातिहरू आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक अवसरबाट वञ्चित छन् । नेपाल परिवार दलले नेपालका आदिवासी तथा जनजातिहरूको संस्कृति र भाषाको संरक्षण तथा प्रवर्द्धन गर्ने, आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक लगायतको क्षेत्रमा पहुँच बढाई राज्यको मूल प्रवाहमा समावेश गराउने, आर्थिक तथा राजनैतिक रूपमा अति पछि परेकाहरूलाई केही निश्चित समयको लागि आरक्षणको व्यवस्था गर्ने नीति लिएको छ ।

### ६.६ अल्पसंख्यक तथा पिछडिएका वर्ग

धार्मिक, भाषिक, जातीय आधारमा अल्पसंख्यकहरूलाई समेट्नु तथा पिछडिएका वर्गको संरक्षण, संबर्धन र उनीहरूको जीवनस्तर उकास्नु समावेशी राज्यको मुख्य दायित्व हुन आउँछ । राज्यले उनीहरूको सीप, साधन, स्रोत र जनशक्ति राष्ट्र निर्माणमा लगाउने र राष्ट्रिय प्रतिफलको समान उपभोग गर्न पाउने अधिकार लगायत अन्य हकहित सुनिश्चित गर्नुपर्दछ भन्ने यस दलको मान्यता छ । अल्पसख्यक तथा पिछडिएका वर्ग पनि एउटै विशाल मानव परिवारका सदस्यहरू हुन् भन्ने नेपाल परिवार दलको विश्वास छ । यो एउटा दर्शन मात्र होइन, बरु एउटा प्रवल मान्यता पनि हो, जसले बहुसख्यकलाई ज्येष्ठ सदस्यको हृदयले आफ्नो भाइ बन्धुहरूको दुःख पीडामा मद्दत गर्न नैतिकरूपले बाध्य गराउँदछ । अल्पसंख्यक तथा पिछडिएको वर्गलाई राज्य संयन्त्रमा सहभागी गराउने स्पष्ट मापदण्ड निर्धारण गरिने छ । आवश्यकताअनुसार आरक्षणको व्यवस्था पनि गरिने छ । त्यसैले नेपाल परिवार दलले ७५वटै जिल्लाका बिभिन्न विपन्न घरपरिवारमा पुगेर सद्भाव प्रकट गर्ने प्रणाली विकास गरेको छ । यो प्रकृयालाई निरन्तरता दिई विपन्न जनतासँगको सम्वन्ध अटुट बनाइने छ । अल्पसंख्यक समुदाय इस्लाम, किरात, इसाई, प्रकृति, बोन, जैन, बहाइ, सिख, युनिफिकेसन लगायत समुदायका धार्मिक तथा सांकृतिक अधिकारहरूको जगेर्ना र उनीहरूको सांस्कृतिक

सम्पदाको सुरक्षा तथा संरक्षण गर्ने नीति नेपाल परिवार दलको छ । साथै यी अल्पसंख्यक समुदायको मृत्यु संस्कारकालागि उपयुक्त स्थान उपलब्ध गराइनेछ । लोपोन्मुख जाति तथा भाषाहरूको संरक्षण गरिने छ । साथै मुक्त कमैया, मुक्त हलिया, कमलरी, सुकुम्बासी लगायतका नागरिकको उचित व्यवस्थापनमा ध्यान दिइनेछ ।

### ६.७ भूमिहीन नागरिक

नेपाललगायत विश्वमा जनसख्या जुनरूपमा बढदै छ, सो को अनुपातमा पृथ्वी/भूमिको आयतनमा वृद्धि हुन सक्दैन । त्यसैले विश्वका नागरिकहरूमध्ये भविष्यमा कतिपय नागरिकको आफ्नै भूमि नहुन सक्दछ । यसैलाई दृष्टिगत गरी नेपालका वास्तविक भूमिहीन नागरिकहरूको छानबीन गरी बसोबास व्यवस्था राज्यले गर्नुपर्दछ । कृषिजन्य उद्योगमा लाग्न चाहने उद्यमीलाई खेर गएको जमीन वा आफैले कृषि व्यवसाय गर्न नसक्ने व्यक्तिहरूको जग्गा लिज वा अन्य व्यवस्था मार्फत कृषि व्यवसायमा संलग्न गराउनु पर्दछ । वादी, राउटे, हलिया, मुसहर लगायत सीमान्तकृत पिछडिएका वर्गको लागि भने राज्यले बास र खेतीपातीको लागि न्यूनतम जग्गा उपलब्ध गराउने नीति लिनु पर्दछ । त्यसरी प्राप्त जग्गामा न्यूनतम शूल्क लिने र जग्गा प्राप्त गरेपछि कम्तीमा १५ बर्षसम्म बेचविखन गर्न नपाइने शर्तमा सरकारी जमीन उपलब्ध गराउने यस दलको मान्यता छ । सम्पूर्ण नेपाली नागरिकलाई नेपाली भूमिको मालिक बनाउने सोच यस दलले राखेको छ । जमीन उपलब्ध हुन नसक्ने अवस्थामा सीप र दक्षताको विकास गराई स्वरोजगारतर्फ उन्मुख गर्ने यस दलको सोच छ । नेपालका सम्पूर्ण भूमिहीन सुकुम्बासीहरूको समस्या समाधान गर्न हाम्रो पार्टी प्रतिबद्ध छ । उर्वर खेती योग्य जमीनमा जथाभावी शहरीकरण र घर निर्माण गर्न नहुने र नदिने नीति यो दलले लिनेछ ।

### ६.८ दलित वर्ग

दक्षिण एसियामा विशेषतः नेपाल, भारत, बंगलादेश, पाकिस्तान आदिमा व्यावसायिक रूपमा कार्यरत दलितवर्गको अवस्था अझै माथि उठ्न सकेको देखिँदैन । नेपालमा कूल जनसंख्याको १३ प्रतिशत हिस्सा दलितले ओगटेका छन् । तर, दलित समुदायहरूमध्ये अधिकांश आर्थिक, सामाजिक र राजनैतिक अवसरबाट बञ्चित छन् । मुलुकी ऐन, २०२० मा छुवाछुत गर्न नपाइने व्यवस्था भएपनि कतिपय ठाउँमा दलितहरू सार्वजनिक स्थान, मठ, मन्दिरमा प्रवेश गर्न पाएका छैनन् । राज्यले नेपालको अन्तरिम संविधान, २०६३ भाग ३ को धारा १४ बमोजिम छुवाछुत तथा जातीय भेदभावविरुद्धको हक प्रदान गरेको छ । सोही आधारमा जातीय भेदभाव तथा छुवाछुत कसुर ऐन, २०६८ जारी भैसकको छ । यति हुँदाहुँदै पनि अपेक्षाकृत रूपमा जातीय भेदभाव उन्मूलन भैसकेको छैन । विद्यमान कानूनी व्यवस्थाले छुवाछुतलाई पूर्णरूपमा निषेध गरेको भए पनि व्यवहारमा यसको कार्यान्वयन हुन सकेको छैन र नेपाल परिवार दल एक नेपालीले अर्को नेपालीलाई कुनैपनि आधारमा गरिने सबैखाले विभेदको अन्त्य गर्न चाहन्छ ।

नवौं योजनादेखि दलितहरूलाई लक्षित गरी  योजना तथा कार्यक्रमहरू लागू भएता पनि दलितहरूको औसत आयु, ५ वर्षमुनिको मृत्युदर, शिशु मृत्युदर, प्रजननदर अन्य जातिको भन्दा निम्न रहेका छन् । त्यसैगरी साक्षरता प्रतिशत, एस.एल.सी, स्नातक र सोभन्दामाथि शिक्षा हासिल गर्ने प्रतिशत न्यून रहेको छ । गरिबी र भूमिहीनको संख्या भने बढिरहेको छ । स्थानीय तहदेखि केन्द्रीयस्तरका राजनीति, सार्वजनिक प्रशासनका क्षेत्रमा समेत उनीहरूको पहुँच वढाउँदै नेपाल परिवार दलले केन्द्रदेखि स्थानीयस्तरको राजनीतिमा दलितको सहभागिता बढाउन छुवाछुत निर्मूल पार्ने अभियानका साथै जारी भैसकेका प्रचलित कानून

पालना गराई उनीहरूको आत्मसम्मान बढाउने नीति लिएको छ । पहाडी तथा मधेसी दलितलाई उच्च शिक्षाम छात्रवृत्तिको व्यवस्था, स्वास्थ्योपचारमा सहुलियत र मुटु, क्यान्सर, मिर्गौला जस्ता जटिल रोगको उपचारमा सरकारी अनुदानको व्यवस्था गरिनेछ ।

### ६.९ कमैया, वादी तथा अन्य सीमान्तकृत समुदाय

मुलुकको सुकुम्बासी, कमैया, हलिया, हरवा चरवालगायत आर्थिक सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति राज्यले लिनु पर्दछ । यस दलले उल्लेखित वर्गलाई विशेष अवसर प्रदान गरेर राष्ट्रिय जीवनको मूलधारमा ल्याउन प्रयत्न गर्नेछ । उनीहरूको मानवीय अधिकार, सामाजिक सुरक्षा र विकासलाई प्राथमिकता साथ सुनिश्चित गर्न यो दल दृढतापूर्वक लाग्नेछ । आवश्यकताअनुसार विभिन्न अवसर, सहुलियत र आरक्षण लगायतका व्यवस्था गरिनेछ । यसका लागि राज्य समयन्त्रको अतिरिक्त गैरसरकारी निकाय तथा समाजसेवीहरूलाई समेत अभिप्रेरित गरिनेछ ।

### ६.१०. दुर्गम क्षेत्र र तराई मधेशका पिछडिएका समुदायको सम्बन्धमा

नेपालको भू-बनोटको आधारमा हिमाल र पहाडी क्षेत्रमा बसोबास गर्ने अत्यन्त सीमान्तकृत व्यक्तिहरू मध्ये कतिपय अझै वनजङ्गल र ओडारमा बस्नु पर्ने अवस्था छ । दिनभरी परिश्रम गर्दा समेत विहान बेलुका छाँक टार्न नसक्ने र जङ्गलको कन्दमूल खाएर बाँच्नुपर्ने अवस्था छ । राज्यद्वारा निर्माण भएका नदी-नालाका पुलपुलेसा पनि माओवादी सशस्त्र द्वन्द्वकालमा ध्वस्त गरिएको हुँदा साउनको भेलमा समेत डोरी, कुबिन्डो वा काठको सहाराबाट आवतजावत गर्नपर्ने अवस्था छ । त्यस्ता वर्गलाई राज्यले विशेष प्राथमिकताका साथ संरक्षण र विकासका प्रक्रियाहरूमा सहभागी गराउनुपर्दछ । त्यसैगरी तराई-मधेशमा प्रशस्त स्रोत साधन उपलब्ध भएतापनि मधेशमा बसोबास गर्ने कतिपय सीमान्तकृत वर्गको अझै पनि आफ्नो बासथलो र भूमि नभएको अवस्था छ । त्यसैगरी दाइजोप्रथा, बोक्सी, बालविवाह जस्ता सामाजिक कुरीतिहरूका कारण मधेशका महिलाहरू पीडितहुनु परेको छ । त्यस्ता वर्गलाई आर्थिक, सामाजिक, राजनीतिक परिवेशमा माथि उठाउने नीति परिवार दलको छ । तराई मधेश लगायत आम नेपाली, स्थानीय आदिवासी जनजाति तथा अल्पसङ्ख्यक पिछडिएका समुदायलाई न्यायपूर्ण र भेदभावरहित व्यवहार गरिनुपर्दछ भन्ने यो दलको मान्यता छ । नेपालको वहुसाँस्कृतिक समाजलाई अझ जागरूक राख्ने नेपालको तागत भनेको सवै नागरिकहरूको अधिकारलाई समानरूपले सम्मान गर्नु हो । तराई मधेशका पिछडिएका जातजातिहरूलाई अझ वढी राज्यको मूलधारमा ल्याउन आवश्यक छ । यसकालागि संविधानसभापछि हुने सङघीय संरचनामा यी कुरालाई ध्यान दिनु पर्छ । यसका साथै तराईमा बसोबास गर्ने पहाडी मूलका नेपालीहरूको हकअधिकारलाई समेत सुनिश्चित गर्दै तराई मधेशको उचित मागलाई सम्बोधन गरी त्यस क्षेत्रका नेपाली जनताको जनमतको सम्मान गर्ने यस दलको मान्यता छ ।

### ६.११. शारीरिक अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी व्यवस्था

२०६८ (२०११) को जनगणनानुसार देशको कूल जनसंख्याको १.९४ प्रतिशत एक वा बढी प्रकारको अपाङ्गता रहेको देखिन्छ । शारीरिक तथा मानसिक अपाङ्गता भएका कूल व्यक्तिहरूमध्ये ५४.५६ प्रतिशत पुरुष र बाँकी ४५.४४ प्रतिशत महिला छन् ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था, नागरिक समाज र सम्बद्ध व्यक्तिहरूको सुझावको आधारमा अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३ जारी गरी कार्यान्वयनमा ल्याए पनि विद्यमान कानूनी व्यवस्था र राज्यद्वारा तय गरिएको नीति नियम र कार्यान्वयन

प्रक्रियाले अपाङ्गता भएका दाजुभाइदिदीबहिनीहरूको भावनालाई पूर्णरूपमा समेटेको देखिँदैन । यसर्थ अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको क्षमतानुसार विशेष अवसर प्रदान गरी राष्ट्रिय राजनीति, आर्थिक, शिक्षा जस्ता क्षेत्रमा अग्रसर गराउनु आवश्यक छ । अपाङ्गता भएका व्यक्तिहरूलाई समाजमा सम्मानजनक रूपमा विना भेदभाव रहने पेशा व्यवसाय गर्ने र बस्न पाउने अधिकार सुनिश्चित गरिनुपर्छ भन्ने मान्यता यस दलको छ । त्यसैगरी सार्वजानिक स्थलहरू शारीरिक अपाङ्ग मैत्री बनाइनेछ, स्वास्थ्य शिक्षा जस्ता सेवाहरू निःशुल्क उपलब्ध गराउने तथा अपाङ्ग भत्ता प्रदान गर्ने नीति नेपाल परिवार दलको छ ।

### ६.१२ शहीदप्रतिको सम्मान

मुलुकका वीर-वीराङ्गनाहरूले आफ्ना स्वार्थ र संकुचित विचारमा नअल्झी जनता, प्रजातन्त्र र राष्ट्रका लागि प्राणको आहूति दिए । त्यस्ता व्यक्तिहरूलाई "शहीद"को रूपमा पहिचान गरिन्छ । र सो कुरा कर्तव्यपरायणको सिलसिलामा वीरगति प्राप्त गर्ने सुरक्षाकर्मीलगायत सम्पूर्ण राष्ट्रसेवक तथा अन्य नागरिकहरू पनि यस कोटिमा राखिनु पर्दछ भन्ने मान्यता नेपाल परिवार दलको रही आएको छ ।

राष्ट्र र जनताका खातिर जीवन उत्सर्ग गर्नेहरूलाई विना भेदभाव वीर सपूतको रूपमा राज्यबाट मूल्याङ्कन गरिनुपर्दछ । वीर शहीदहरूका परिवार र सन्ततिहरूको उचित रेखदेख, सम्मान र न्यूनतम जीविकोपार्जनको व्यवस्था गरिनुपर्ने कुरामा नेपाल परिवार दलले सदैव लागिपर्ने अठोट व्यक्त गर्दछ ।

### ६.१३ सेवानिवृत्त सेना, प्रहरी, निजामती, कूटनैतिक एवं अन्य सेवाका व्यक्तिहरू

राष्ट्रसेवामा जीवनका सुनौलो समय दिएर योगदान पुऱ्याएका सेवानिवृत्त सैनिक, प्रहरी निजामती, कूटनैतिक, शैक्षिक तथा विभिन्न सरकारी स्वामित्वमा रहेका व्यक्तिहरू नेपालभर ६ लाखभन्दा बढी संख्यामा रहेका छन् ।

त्यसैगरी भारत, बेलायत तथा सिङ्गापुरमा सेना तथा प्रहरी सेवाबाट निवृत्त हुनेको संख्या पनि नेपालमा लाखौ छन् । उनीहरूको अनुभव, ज्ञान, सीप र कौशललाई राष्ट्रले सदुपयोग गर्नुपर्दछ । उनीहरूबाट प्राप्त हुनसक्ने योगदानको कदर गर्दै समाजको आर्थिक, सामाजिक, राजनीतिक क्षेत्रलगायत बिभिन्न विषयमा अध्ययन-अनुसन्धान गर्ने गराउने कार्यमा सहभागी गराउने सोच नेपाल परिवार दलको छ । नेपाल सरकारको सम्पूर्ण तह निजामती, सेना, प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान लगायतका श्रीमानको देहावसान पछि श्रीमतीले आजीवन श्रीमानको सरह नै पेन्सन पाउने व्यवस्था हुनुपर्छ भन्ने हाम्रो मान्यता छ ।

### ६.१४ बिभिन्न विधाका कर्मी तथा श्रमिक/मजदूर वर्गको हित

सरकारी, निजी तथा अन्य विभिन्न क्षेत्रको व्यवसाय, उद्योग, कलकारखानामा विभिन्न विधाका कर्मी, श्रमिक र मजदूरहरू कार्यरत छन् । त्यस्ता वर्गको राष्ट्रिय विकासमा महत्वपूर्ण भूमिका हुन्छ । सरकारी, निजी उद्योगी तथा अन्य व्यवसायी र मजदूरबीच सहकार्य हुन जरूरी छ । त्यसैगरी जुन क्षेत्रमा जेजस्ता उद्योग कलकारखाना र व्यवसायहरू स्थापना हुन्छन् । त्यस्ता व्यवसाय नजिक बसोबास गर्ने नागरिकहरूको हक हित र इच्छालाई समेत दृष्टिगत गरी व्यवसाय संचालन गरिनुपर्दछ । साथै मजदूरहरूको हकमा उनीहरूको योग्यता, सीप र श्रमको उचित मूल्याङ्कन गदै आवश्यक सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गरिनुपर्छ भन्ने यो दलको नीति छ । त्यसैगरी श्रमजीवी व्यक्तिहरूको स्वास्थ्य र उनीहरूका आश्रित बालबालिकाको शिक्षादीक्षा र सामाजिक मर्यादामा राज्यले विशेष ध्यान दिनुपर्छ भन्ने

यस दलको मान्यता छ । मजदुर र उद्योगबीच सौहार्दता कायम हुन नसकी कतिपय सरकारी उद्योग, कलकारखाना बन्द भएका छन्, यस्तो प्रवृत्तिले सिंगो राष्ट्रलाई घाटा पुऱ्याउँदछ । तसर्थ सामुदायिक मध्यस्थताको आधारमा मजदूर हकहित सरक्षण गर्दै राष्ट्र उन्नतिको लागि सरकार, उद्योगी र मजदूरबीच सहकार्य हुन जरूरी छ ।

मजदूरहरूले पाउने पारिश्रमिक साप्ताहिक रूपमा दिलाउने परिपाटी सुरूवात गरिनेछ । श्रमिक तथा मजदूरहरूको हक हित र सुरक्षाको लागि समय सापेक्ष ज्याला निर्धारण गरिनेछ । उनिहरूको दुर्घटना बिमा, ट्रेड युनियन नीति तथा आई. एल. ओ. १६९ लागु गरिनेछ । यातायात मजदूरहरूको लागि सडक दुर्घटनालाई ध्यान दिदैं “राजमार्ग अस्पताल” (Highway Hospital) को अवधारणा अगाडि बढाइनेछ । साथै चिया कफीका किसान मजदूरको समस्याहरू, साना किसान तथा उखु किसानहरूको समस्यालाई ध्यान दिदैं बजारीकरण र सर्वसुलभ बीउविजन तथा रासायनिक मल पाउने ब्यवस्था मिलाउने खालका कार्यक्रम तर्जसमा गरिनेछ ।

### ६.१५ ज्येष्ठ नागरिक सम्बन्धमा

२०६८ सालको जनगणनानुसार नेपालमा ६० वर्षमाथिका ज्येष्ठ नागरिकहरूको जनसंख्या करिब ८.१३ प्रतिशत रहेको छ । विद्यमान परिस्थितिमा नेपालमा कतिपय सामाजिक मूल्यमान्यताहरू परिवर्तन हुँदै गएका छन् । संयुक्त परिवारको धारणामा कमी आइरहेको छ । ज्येष्ठ नागरिकहरूको सम्बन्धमा अन्तर्राष्ट्रिय र क्षेत्रीयस्तरमा भए/गरेका निर्णय र घोषणा र प्रतिबद्धता पत्रहरू मुख्यतः United Nations Principles for Older Persons 1991, Macau Plan of Action on Ageing 1998, र Madrid Internatioonal Plan of Action on Ageing 2002 मा उल्लेख भएका प्रावधानहरूलाई राज्यले प्राथामिकताका साथ आत्मसात् गर्नेछ । जसअनुसार १. ज्येष्ठ नागरिकहरूको जीवन सहज बनाउने २. उनीहरको ज्ञानलाई उपयोग गर्ने, ३. नयाँ पुस्तामा ज्येष्ठ नागरिकप्रति आदारभाव र कर्तव्यपरायणता विकसित गराउने र ४. उनीहरूका लागि हकहित संरक्षण एवं आर्थिक सामाजिक वातावरण सिर्जना गर्ने यसको साथै औषधि उपचार, मनोरञ्जन, ज्येष्ठ नागरिक गृहहरू स्थापना गरी सञ्चालन गरिनेछ । ज्येष्ठ नागरिकहरूका लागि यातायात सेवा र चलअचल सम्पत्ति खरिद तथा बेचबिखनमा समेत छुट दिनुका साथै मुलुकको राजनीतिक, सामाजिक, सांस्कृतिक, धार्मिक, तथा आर्थिक गतिविधिमा सहभागी गराउने नीति नेपाल परिवार दलले लिएको छ ।

### ६.१६ विस्थापित र शरणार्थीहरूको व्यवस्थापन

मुलुकमा २०५२ फागुन १ गतेदेखि चलेको माओवादी सशस्त्र द्वन्द्वको क्रममा राष्ट्रले गम्भीर मानवीय तथा भौतिक क्षति व्यहोर्नुपऱ्यो । यस द्वन्द्व लगत्तैपछि झण्डै करिब १७ हजार व्यक्तिको मृत्यु भएको थियो । सोही क्रममा हजारौं व्यक्तिहरू  विस्थापित भए र उनीहरूले आन्तरिक शरणार्थीको रूपमा जीवन बिताउनुपऱ्यो । शान्ति प्रक्रियाका क्रममा कतिपय विस्थापितहरूलाई पुर्नस्थापना गरिए तापनि अझै कतिपय जिल्लामा रहेका विस्थापितहरू घर फर्कन सकिरहेका छैनन् ।  र आफ्नो चलअचल सम्पत्तिबाट विमुख हुनु परिरहेको छ । बाँकी विस्थापितहरूलाई राज्यले उचित र मर्यादित तरिकाले पुर्नस्थापना गराउनुपर्दछ । विस्थापित हुनुपर्दा भोगेका शारीरिक तथा मानसिक पीडालाई व्यवस्थापन गर्नको लागि आीर्थक, सामाजिक तथा मनोवैज्ञानिक सहयोग जरुरी छ । त्यसैगरी नेपालमा बसोवास गर्दै आएका शरणार्थीहरू जन्म स्थानमा फर्कन पाउने अधिकारको सम्मान गर्दै राज्यले आवश्यक पहल गर्नुपर्छ भन्ने यस दलको धारणा छ । साथै तिनीहरूको अस्थायी वसोवासको व्यवस्था पनि

राज्यको दायित्व हो । र नेपालमा जन्मिएका शरणार्थीहरूका बालबालिको उचित शिक्षा र विकासमा टेवा दिइनुपर्दछ ।

### ६.१७ मुस्लिम समुदाय

नेपालका मुस्लिम समुदायलाई आत्म सम्मानका साथ आफ्नो धर्म सस्कृतिको अभ्यास गर्न तथा मुस्लिम मदरसालाई सरकारी विद्यालय सरह मान्यता दिने कुरामा नेपाल परिवार दल प्रतिबद्ध छ । मुस्लिम समुदायलाई राज्यको बिभिन्न अंगमा सहभागिता गराउने तथा विपन्न मुस्लिमहरूको जीवनस्तर माथि उठाउन राज्यले आवश्यक पहल गर्नुपर्छ भन्ने हाम्रो मान्यता छ ।

## ७. राष्ट्र विकास कार्यक्रमहरू

### ७.१ जल स्रोत विकास

नेपालमा अपार जलस्रोत क्षमता छ । देश विकासको लागि जलस्रोत ज्यादै महत्वपूर्ण ऊर्जा भएकाले यसको उचित प्रबर्धन तथा विकास गर्नु अपरिहार्य छ । वातावरणीय सन्तुलन र प्राकृतिक सुन्दरतालाई अक्षुण्ण राखी ठुला, मझ्यौला र साना जल विद्युत परियोजना संचालन गर्नुपर्ने कुरामा नेपाल परिवार दल जोड दिन्छ । विश्वस्तरमा विकास गरिएका उच्च प्रविधि नेपालमा भित्राएर जल विद्युतको अधिकतम उत्पादन गरी राष्ट्रलाई धनी बनाउने योजना यो दलले अङगीकार गरेको छ । निजी क्षेत्र समेतको सहभागितामा आगामी दश बर्ष भित्र बुढी गण्डकी, माथिल्लो मर्स्याङदी, माथिल्लो कर्णाली, तल्लो अरुण, पश्चिम सेती, तामा कोशी तेस्रो, अरुण तेस्रो, माथिल्लो तमोर आदी ठुला जलविद्युत परियोजनाहरू सम्पन्न गर्ने उद्देश्य नेपाल परिवार दलको छ । यसको साथै बैकल्पिक उर्जा जस्तै सौर्य उर्जा, नवीकरणीय उर्जा लगायतको पनि विकासमा वायो ऊर्जा, फोहर मैलाबाट ऊर्जा, वायु ऊर्जा उत्पादनमा जोड दिदैं लघु जलविद्युतको तीव्र विकास गरी अन्य निर्माणाधीन जलविद्युत परियोजनाहरूको पनि शीघ्र निर्माण गरिनेछ । नेपाल परिवार दलले पाँच बर्ष भित्रमा लोडसेडिङ्गको अन्त्य गर्ने लक्ष्य राखेको छ ।

जलविद्युत उत्पादनमा अति बढी सम्भावना बोकेको नेपाल अन्धकारमा बाँच्न बाध्य छ । पुराना पार्टी र नेताहरूमा इच्छाशक्ति र दूरदृष्टिको अभाव तथा राजनैतिक अस्थिरता नै यसको मुख्य कारण हो । तसर्थ नयाँ विचार, कुशल नेतृत्व र स्थिर सरकार स्थापित गर्नु नेपालको आर्थिक पूर्वसर्त हो । नेपालको नदीनालाबाट करिब ८३ हजार मेघावाट विद्युत उत्पादन क्षमता छ । नेपालको जल विद्युत उत्पादन गर्न सक्ने क्षमता दुई लाख दश हजार मेघावाट माथि छ भन्ने धेरैको अनुमान छ । हाल सम्म करिब सात सय पचास मेघावाट विद्युत उत्पादन भइरहेको भने अधिकतम विद्युत माग एघार सय मेघावाट रहेको छ । प्रति बर्ष सय मेघावाट माग थपिन्छ ।

हाम्रो पार्टी नेपाल परिवार दल चरणबद्ध रूपमा पहिलो चरणमा ५ हजार मेघावट (२०२०), दोश्रो चरणमा १० हजार मेगावट (२०२५) र तेश्रो चरणमा ४० हजार मेगावट (२०५०) जलविद्युत उत्पादन गरी नेपालको अर्थतन्त्रमा कायपलट गर्न चाहन्छ । नेपालमा उत्पादीत जगेडा विद्युत भारत, चीन लगायत छिमेकी मित्रराष्ट्रहरूमा बेच्नुपर्ने भएकोले सोही अनुरूप नीति निर्माण गर्नुपर्छ ।

## ७.२ पर्यटन

पर्यटन बजारमा बढी सम्भाव्य मुलुकहरू भारत र चीनलाई केन्द्रित गर्नुका साथै अन्य क्षेत्रीय मुलुकहरू जापान, कोरिया, सिंगापुर मलेशिया, थाइल्याण्ड, बंगलादेश आदिमा पर्यटन प्रबर्द्धनसम्बन्धी क्रियाकलापहरू सञ्चालन गरिएका छन् । पर्यटन केन्द्रहरू निर्धारण गरी कार्यक्रमहरू एकीकृत गर्दै जाने उद्देश्यले नेपाल पर्यटन बोर्डद्वारा थप पर्यटन केन्द्र (Hub) हरू विकास गरिनेछ । नेपालका पर्यटकीय तथा सांस्कृतिक सम्पदाबारे प्रचार प्रसार गर्न अन्तर्राष्ट्रिय स्तरमा बैठक, सम्मेलन गरिनुका साथै पर्यटन उद्योगको विविधीकरणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरी प्रत्येक पाँच बर्षमा एक पटक गन्तव्य नेपाल (Visit Nepal) अभियान आयोजना गरिनेछ । अन्तर्राष्ट्रिय पर्यटन मानचित्रमा नेपाललाई उल्लेखनीय गन्तव्यस्थलका रूपमा प्रबर्द्धन गर्न नेपालको अनुपम प्राकृतिक छटालाई उजागर गरी नेपाललाई प्रमुख भ्रमण स्थलको रूपमा परिचित गराइने छ ।

नेपाल पर्यटनमा बहुसम्भावना भएको मुलुक हो । भौतिक पुर्वाधारको अभाव, बन्द, हड्ताल जस्ता राजनैतिक दलका अदूरदर्शी क्रियाकलापका कारण नेपालको पर्यटन व्यवसाय फस्टाउन सकेको छैन । हाल प्रतिवर्ष करिब ५ लाख पर्यटकले नेपाल भ्रमण गरिराखेकोमा हाम्रो पार्टी आगामी २०२० भित्रमा १० लाख पर्यटक, २०३० भित्रमा २० लाख र २०५० भित्रमा ५० लाख पर्यटक नेपाल भित्र्याई अर्थतन्त्रको मुहार फेर्न चाहन्छ । पर्यटकको संख्यात्मक भन्दा पनि गुणात्मक वृद्धि गर्नुपर्दछ । यति धेरै संख्यामा पर्यटक आउने भएपछि यससँग सम्बन्धित होटेल, यातायात, रोजगारी आदि क्षेत्रमा व्यापक विस्तार भई राजस्वमा आमूल परिवर्तन आउँछ । नेपालमा धार्मिक पर्यटक, स्वास्थ्य पर्यटक, वातावरणीय पर्यटक, मनोरञ्जन पर्यटकको सम्भावना राम्रो छ ।

५० लाख पर्यटक नेपाल भित्र्याउने कसरी ?

विश्वकै सर्वोच्च शिखर सगरमाथा र बुद्धको जन्मथलो नेपालमा छ । यी दुवै विश्वव्यापी आकर्षणका राष्ट्रिय धरोहर हुन् । नेपालका विभिन्न उच्च हिमश्रृंखलाहरूका मनोरम दृश्यहरू अवलोकन गर्न केबुलकारको निर्माण गर्न अध्ययन शुरू गरिने छ । सगरमाथा क्षेत्रमा केबुलकार जडान गरी विश्वभरका साढे सात अर्ब मानिसहरूमध्ये एक अर्ब धनी नागरिकको ०.५ प्रतिशत मानिसलाई मात्र सगरमाथाको भ्रमण गराउन सक्यौं भने त्यस्ता पर्यटकको संख्या ५० लाख हुनेछ । त्यस्तै, विश्वभरका करोडौं बुद्धधर्मालम्बीहरूको आस्थाकेन्द्र गौतम बुद्धको जन्मस्थल लुम्बिनी नेपालमा अवस्थित छ । पर्यटन क्षेत्रको विकासको अपार सम्भावना बोकेको यी दुई राष्ट्रिय धरोहरको प्रचुर विकासकोलागि अन्य विषयका अतिरिक्त सगरमाथा क्षेत्रमा केवुलकार जडान गर्ने र लुम्बिनीमा दशहजार कोठा भएको विशाल होटेल निर्माण गर्ने सम्भावनाको नेपाल परिवार दल अगुवाई गर्न प्रतिबद्ध छ ।

## ७.३ कृषि विकास, खाद्यान्न सुरक्षा तथा वितरण व्यवस्था

नेपाल कृषिप्रधान देश हो । अधिकांश जनता कृषिमा निर्भर छन् । जबसम्म परम्परावादी कृषि प्रणालीलाई आधुनिकीकरण गरिँदैन तबसम्म उत्पादन वृद्धि व्यापक रूपमा गर्न सकिन्न । तसर्थ, वैज्ञानिक खेती प्रणाली मार्फत उत्पादनमा व्यापक वृद्धि गरी आयात न्यूनीकरण गर्ने रणनीति नेपाल परिवार दलको छ । अन्नपात, दैनिक उपभोग्य वस्तुहरू, फलफुल, तरकारी, माछामासु, दूध, आदिमा आत्मनिर्भर बनाउनकोलागि कृषि सहकारीको व्यापारीकरण गर्ने उद्देश्य यस दलको छ । आगामी सन् २०२० भित्र हालको कूल उत्पादनमा ५० प्रतिशत वृद्धि गरी देशलाई आत्मनिर्भर बनाइनेछ । कृषकहरूलाई मल, बीउ सर्वसुलभ रूपमा उपलब्ध गराउने, बजारको व्यवस्था गर्ने तथा उत्पादन बढाउन सहकारी मार्फत अनुदान दिने

व्यवस्था गर्ने नेपाल परिवार दलको योजना छ । जनसंख्याको अनुपातमा कृषिजन्य खाद्य वस्तु अपुग भई विदेशबाट आयात गर्नुपर्ने अवस्थाको अन्त्य गरी कृषि उत्पादनको वृद्धिको लागि राष्ट्रिय कृषि नीति, २०६१ र राष्ट्रिय कृषि व्यवसाय नीति, २०६३ लाई समयानुकूल परिमार्जन गरिनेछ ।

कृषिजन्य उत्पादनलाई स्वदेश तथा विश्वबजारमा पुऱ्याई उचित मूल्य दिलाउन तथा आन्तरिक रूपमा समेत प्रतिस्पर्धी बनाउन प्रविधिको ठूलो भूमिका हुन्छ । यस परिवेशमा खाद्य प्रशोधन उद्योग, प्याकेजिङ्ग, खाद्य जैविक प्रविधि र भण्डारण जस्ता प्रविधिहरूको अनुसन्धान र विकास हुन आवश्यक छ । समष्टिमा, भूमि व्यवस्थापन, खाद्य सुरक्षा, सिचाइ, वनजंगलको दिगो व्यवस्थापन तथा उपयोगसम्बन्धी नीति तथा कार्यक्रमहरू लागू गर्न नेपाल परिवार दलले आवश्यक पहल गर्नेछ ।

कृषि क्षेत्रमा देखिएका विद्यमान समस्या र चुनौतीहरूमा- (१)भूमि व्यवस्थापन र यसको सदुपयोग उचितरूपले नहुनु, (२) जमीन खण्डीकरण गरिनु, (३) उर्वराभूमिमा अव्यवस्थित सहरीकरण गर्नु, (४) ग्रामीण क्षेत्रका युवाहरूको सहरी क्षेत्रतर्फ लाग्ने र विदेशिने क्रमबाट कृषि श्रमिकको अभाव खड्किनु, (५) पर्याप्त सिँचाइको व्यवस्था नहुनु, (६) उन्नत बीउको कमी हुनु, (७) रासायनिक तथा प्रांगारिक मलको अभाव हुनु, (८) उन्नत नश्लको पशुपंक्षी तथा पशुदानाको अपर्याप्तता रहनु, (९) कृषकहरूको उत्पादनले उपयुक्त बजार तथा मूल्य नपाउनु र बीचका व्यापारी (बिचौलीया) ले बढी फाइदा लिई ग्राहकहरूले समेत महंगोमा खाद्य सामाग्री खरिद गर्नुपर्ने अवस्था हुनु, (१०) कृषकहरूले समयमै ऋृणलगायतका सुविधाहरू नपाउनु, (११) सीमापारको तुलनामा नेपालका उत्पादित कृषि उपजहरूले प्रतिस्पर्धा गर्न नसकी उचित मूल्य पाउन नसक्नु, (१२) सामुदायिक वनको विस्तारबाट चरणक्षेत्रको कमी हुनु, (१३) कृषि व्यवसायीकरणका लागि आवश्यक पूर्वाधारसहितको भौतिक व्यवस्था नहुनु, (१४) कुखुरापालन व्यवसायमा बर्डफ्लूजस्तो जोखिम देखिनु, (१५) पशु तथा कुखुराका दानाकालागि कच्चा पदार्थको विदेशी आयातमा निर्भर रहनु, (१६) अन्य मुलुकमा कृषि क्षेत्रलाई दिएको जस्तो अनुदान नेपालका कृषकहरूले राज्यबाट नपाउनु, (१७) कृषि पशु सेवासम्बन्धमा परम्परागत शैलीमा बढी निर्भर रहनु, (१८) सरकारी लगानी क्रमिक रूपमा घट्दै जानु, (१९) ग्रामीणस्तरसम्म कृषि एवं पशुसेवासम्बन्धी प्राविधिकहरूको पहुँच नहुनु, (२०) खाद्य स्वच्छता सम्बन्धी आवश्यक नीति, तथ्यांक र संयन्त्रको अभाव हुनु, (२१) कृषि उपजहरूको निर्यात प्रबन्धकोलागि प्रमाणीकृत प्रयोगशला सेवाहरूको पर्याप्त स्थापना नहुनु तथा दक्ष जनशक्तिको अभाव रहनु, (२२) अर्गानिक उत्पादनको धेरै माग भएतापनि सो अनुकूलको उत्पादन गर्न नसक्नु, (२३) अर्गानिक बजारको उचित व्यवस्था गर्न नसक्नु, (२४) जग्गा लिजमा लिएर अर्गानिक खेती गर्ने उद्यमीको लागि लिज सम्झौता सम्बन्धी उचित नीति नहुनु, (२५) कृषि व्यावसायिकहरूको सूचीकृत गर्न नसक्नु, (२६) कृषिलाई उद्योग र स्वरोजगारीको रूपमा विकास गर्न नसक्नु, (२७) बालीनालीमा रोग लागेको खण्डमा त्यसको समयमै निधान गर्न नसक्नु, (२८) कृषिजन्य उत्पादनको पकेट एरिया छुट्याउन नसक्नु, (२९) कृषि तथा पुष्प व्यवसायलाई सहकारीमा आबद्ध गर्न नसक्नु, (३०) जिल्लास्थित पशुसेवा कार्यालयमा प्रयोगशालाको अभाव रहनु, (३१) कृषि विकासमा पशुसेवालाई कम प्राथमिकता दिइनु आदि छन् ।

उपर्युक्त अवस्थाले गर्दा नेपालमा झण्डै १३ देखि १५ अर्ब रकम बराबरको मासुजन्य खाद्य बस्तु आयात हुने अवस्था रहेको छ । त्यसैगरी, चामल तथा अन्य खाद्यबस्तु, मल, बीउको लागि अर्बौं रकम विदेशिने अवस्था रहेको देखिन्छ । यिनै तथ्यलाई दृष्टिगत गरी नेपाल

परिवार दलले कृषिक्षेत्रमा प्राथमिकताका साथ देहायका कुराहरू लागु गर्ने नीति अवलम्बन गर्नेछ ।

(१) कृषि विकास मन्त्रालयको सट्टामा "कृषि तथा पशुसेवा विकास मन्त्रालय" राख्ने, (२) मित्रराष्ट्रहरूको समेत सहयोगमा बनेका कृषि अनुसन्धान तथा प्रशिक्षण केन्द्रलाई बढी प्रभावकारी बनाई कृषकहरूको पहुँच बढाउने, (३) नेपाल कृषि वैज्ञान परिषदलाई बढी प्रभावकारी बनाई खोज तथा अनुसन्धानका कार्यहरूमा लगाउने, (४) कृषि तथा पशुसेवाकालागि राज्यले छुट्याएको जग्गाजमीनहरूको उचित व्यवस्था गर्ने, (५) अर्गानिक फार्मसँग घरेलु पर्यटनको विकासलाई आबद्ध गराउने, (६) प्रांगारिक मल उत्पादनमा जोड दिने, (७) कृषि पर्यटनलाई जोड दिने, (८) कृषिसँग जडीबुटी, व्यवसायिक फूल खेतीमा जोड दिने, (९) क्षेत्र, अञ्चल तथा जिल्लाका महत्वपूर्ण स्थानहरूमा कृषिजन्य पदार्थ सञ्चय गर्ने कोल्डस्टोर र बजार व्यवस्थापन गर्ने, (१०) कुखुरा, हाँस, बाख्रा तथा खसीबोका, राँगा, भैसी पालन आदि व्यवासय विकास  गरी युवा स्वरोजगार प्रवर्द्धन गर्ने र देशलाई मासुजन्य खाद्य पदार्थमा आत्मनिर्भर गराउने, (११) जिल्ला पशु कार्यालयमा प्राविधिक ल्यावको व्यवस्था गर्ने, (१२) कृषि तथा पशुसेवासम्बन्धी कुनै पनि समस्या भएमा कृषकहरूले सम्बन्धित विज्ञहरूसँग सम्पर्क राख्ने कल सेन्टरको व्यवस्था गर्ने, (१३) जलवायुको पूर्वानुमान अनुसार कृषकलाई सुसूचित गर्ने, (१४) कृषि सहकारीको दायरा बढाउने, (१५) घुम्ति कोष स्थापना गरी कृषकलाई अनुदान तथा सरल कर्जाको व्यवस्था गर्ने, (१६) कृषकलाई एकीकृत खेती अन्न, फलफूल, जडीबुटी उत्पादन र मासु र दूधजन्य पशुपालन व्यवसाय गर्न उत्प्रेरित गर्ने, (१७) कृषकहरूको सहभागितामा कृषि उद्योगसम्बन्धी उद्योगहरू स्थापना गर्न लगाउने, (१८) कृषकको मनोबल बढाउन उचित व्यवस्था गर्ने, (१९)  समग्रमा, कृषि विकसकोलागि ग्रामीण क्षेत्रमा  ग्रामीण कर्जा तथा लघुवित्त, कृषि पूर्वाधार विकास र अनुसन्धानमा जोड दिने, (२०) महिला तथा पिछडिएका वर्ग, समुदाय र युवाहरूलाई समूहगतरूपमा कृषि र पशुविकास सेवासम्बन्धी आधारभूत प्रशिक्षण दिलाई समूहगत आधारमा कृषि ऋण उपलब्ध गराउने, ( २१) ग्रामीण क्षेत्रमा कृषि पर्यटनको एकीकृत विकास गर्ने, (२२) नेपालका धान तथा खेतीयोग्य तालतलैयामा माछापालन व्यवसायलाई  विकास गर्ने, (२३) कृषि व्यवसाय  तथा उद्योगको उत्पादनशीलता बढाउनकालागि प्रविधि र सहयाक कार्यहरू (सिँचाइ, मल, बीउ, कच्चा पदार्थको उपलब्धता र बजार व्यवस्था आदि) लाई नेपाल परिवार दलले सदैव पहिलो प्राथमिकतामा राख्नेछ । स्वदेशी उत्पादन वृद्धि गरी आयात घटाउने र निर्यात बढाई राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने स्वदेशमा नै मल उद्योग सञ्चालन गरी कृषकलाई सर्व सुलभ मल बीउ औषधी आदिको अभाव हुन नदिइ विदेशी पर निर्भरताबाट मुक्त गराईने छ । परम्परागत पारिवारिक इकाइको खेती प्रणालीलाई प्रोत्साहन दिने विषयलाई यो दलले उच्च प्राथमिकता प्रदान गर्नेछ ।

### ७.४ औद्योगिक विकास

वर्तमान युगमा औद्योगिकीकरणविना आर्थिक विकास सम्भव छैन । नेपालमा उद्योगहरूको विकास हुन नसकेको मात्र होइन बरू स्थापना भएका उद्योगहरू समेत धमाधम बन्द भइरहेका छन् । उद्योगहरूको सुरक्षा र विकासकोलागि सरकारी नीति अनुकूल नभएकाले यस्तो स्थिति उत्पन्न भएको हो भन्ने यस दलको ठहर छ । अतः लगानीकर्ता तथा श्रमिक वर्गको हक हितको सम्बर्धन र सुरक्षा गर्दै पूँजीमा उचित प्रतिफल सुनिश्चित गर्न औधोगिक वातावरण तयार गरी बन्द हड्ताल, घेराउ, तालाबन्दी जस्ता अमैत्री क्रियाकलापहरूलाई निरुत्साहित गर्नुपर्ने नेपाल परिवार दलको मान्यता छ । त्यसैले हाम्रो पार्टी देशमा औद्योगिक विकासको निमित्त अनुकूल नीति र वातावरण सृजना गरी सरकारी, सहकारी र निजी क्षेत्रको

सहकार्यमा, राष्ट्रिय स्तर, प्रान्तीय स्तर र स्थानीय स्तरका उद्योगहरूको विकास गर्न चाहान्छ । रोजगारीको लागि फाइदा मूलक मौका प्रदान गर्दा गर्दै पनि विश्वमा आर्थिक उन्नतिले निम्त्याएको पर्यावरणीय प्रदूषण तथा मानवीय नैतिक मूल्यमान्यताको ह्रासको प्रभावबाट नेपाली समाजलाई सुरक्षित गर्न नेपाल परिवार दलले पारिवारिक मूल्यमान्यतालाई अत्यन्त महत्वका साथ समाजमा विस्तार गर्ने नीति लिनेछ ।

यो औद्योगीकरणको युग हो । विश्वका ठूला अर्थतन्त्र गुणात्मक र कलात्मक उत्पादनको प्रतिस्पर्धामा छन् । हाम्रो जस्तो सानो अर्थतन्त्रलाई विश्वबजारमा प्रतिस्पर्धामा जान धेरै चुनौति छन् । तसर्थ, नेपालमा राष्ट्रिय उद्योगधन्दाको विकासमा जोड दिनु उपयुक्त हुन्छ । आफ्नै कच्चा पदार्थमा निर्भर हुने उद्योग धन्दाको विकास गरी स्वदेशी पूँजी विदेश पलायन हुनबाट रोक्ने तथा रोजगारी सृजना गरी बेरोजगारी समस्या समाधान गर्ने नेपाल परिवार दलको सोच छ । बहुराष्ट्रिय कम्पनीहरूलाई लगानीमैत्री वातावरण बनाएर विदेशी पूँजी नेपाल भित्र आकार्षित गर्ने पक्षमा नेपाल परिवार दल छ । हामी राष्ट्रिय पूँजीपतिहरूको पनि संरक्षण र प्रवर्धन गरी देश भित्रनै नेपाली नागरिकलाई धनाढ्य र सम्पन्न बनाउने हाम्रो अठोठ रहेको छ ।

## ७.५ भौतिक पूर्वाधार

सम्पूर्ण नागरिकहरूलाई एक ठाउँबाट अर्को ठाउँमा जान, सम्पर्क गर्न, व्यापार व्यवसाय सञ्चालन गर्न, नागरिक सुरक्षा प्रदान गर्न सुरक्षित, सुलभ र सुविधायुक्त यातायात र सञ्चारको विकास गर्ने नेपाल परिवार दलको सोच छ । उच्च विज्ञान र प्रविधिको सहायताले शहरी क्षेत्रदेखि ग्रामीण क्षेत्रसम्म बाटोघाटो, तराईका समतल भागमा रेलवे, आकासे मार्गहरू, सुन्दर पार्कहरू, पहाडी भू-भागमा सुरुङ्ग, झोलुङ्गे तथा पक्की पुलहरू, आदिको गुरु-योजना तयार पारी कार्यान्वयन गर्नुपर्ने यस दलको धारणा छ । सन् २०२० भित्रमा नेपालका सबै जिल्लामा भौतिक पूर्वाधारको विकास गरी सडक नपुगेको ठाउँमा सडक पुऱ्याउने, ग्रावील रोडलाई पिच गर्ने, कच्ची सडकमा ग्रावील गर्ने, विपन्न घरपरिवारकोलागि आवासको व्यवस्था गर्ने लगायत कार्यलाई तीव्रता दिइनेछ ।

सामाजिक आर्थिक रूपान्तरणका लागि भौतिक पूर्वाधर निर्माण अपरिहार्य हुन्छ यसका लागि काठमाण्डौं-तराई द्रूतमार्ग, बनेपा बर्दिवास सडकलाई चाडैं सञ्चालनमा ल्याइनेछ, तराई/मधेस हुलाकी राजमार्ग र मध्य पहाडी लोकमार्गको स्तर वृद्धि गरिने छ । पूर्व पश्चिम विद्युतीय रेलमार्ग, दक्षिण भारत र उत्तर चीनको सिमानाका विभिन्न नाका जोड्ने उत्तर दक्षिण द्रूतमार्ग संञ्चालनमा गरिनेछ । हाल १७१८२ कि.मि. बाटो कालोपत्रे भएकामा आगामी ५ बर्ष भित्र यसलाई बढाएर २० हजार कि.मि पुऱ्याइनेछ ।

## ७.६ नव ग्रामीण जागरण (New Village Movement)

राष्ट्रलाई अगाडि बढाउन नयाँ ग्रामीण विकासको अवधारणालाई अघि बढाउनु अत्यन्त आवश्यक छ । सन् १९५०-५४ ताका कोरियाली युद्धबाट ध्वस्त र जीर्ण भएको दक्षिण कोरियालाई त्यहाँका राजनेता, धार्मिक गुरु, बुद्धिजीवी र नागरिकहरूले “आफ्नो कोरियालाई आफै विकास गरौ” भन्ने साझा अभिप्रेरणाका साथ नव ग्रामीण जागरण अभियान सुरू गरेका थिए । त्यसैको परिणामस्वरूप गाउँदेखि नगरका सबै क्षेत्रका तीव्र गतिमा विकास गर्नुका साथै विज्ञान र प्रविधिमा समेत अगाडि बढ्न कोरिया सफल भएको थियो । यो दलले सबै क्षेत्रको स्रोत र साधनलाई परिचालन गरी नयाँ ग्रामीण जागरणलाई नेपाली परिवेशमा लागू गर्ने सोच राखेको छ । शिक्षा र सीप विकासको साथै चरित्र र नैतिक उत्थान पनि

जागरण अभियानको लक्ष्य हो । नयाँ विचार, नयाँ गाउँ, नयाँ शहर निर्माण गर्दै नयाँ नेपाल निर्माण गर्ने पार्टीको लक्ष्य छ । हाम्रो पार्टी राष्ट्रिय स्तरमा नयाँ ग्रामीण जागरण अभियान सञ्चालन गरी आगामी सन् २०२० भित्रमा १००० नमुना गा.वि.स. निर्माण गर्ने र सन् २०३० भित्रमा नेपालका सबै गाउँलाई नमुना बनाउँने योजना नेपाल परिवार दलको छ ।

### ७.७ खाने पानी/सिँचाइ

नेपालमा अपार जलभण्डार हुँदाहुँदै जलाधारको विकास र व्यवस्थित शहरीकरणको अभावले खानेपानी र सिँचाइमा झन जटिलता उत्पन्न भएको छ । उपलब्ध विशेषज्ञताको सदुपयोग गरी सम्पूर्ण नागरिकलाई स्वास्थ्य पिउने पानीको सुलभ व्यवस्था र अत्याधुनिक प्रविधि मार्फत कृषकहरूलाई सिँचाइ सुविधा उपलब्ध गराउँदै कष्टकर जीवनलाई सरल बनाई "हरित क्रान्ति" ल्याउनुपर्ने यस दलको मान्यता छ । सन् २०२० सम्ममा सबैलाई स्वस्थ खानेपानीको प्रवन्ध र थप क्षेत्रहरूमा सिंचाइको व्यवस्थाको अध्ययन अनुसन्धान गरी सबै स्थानमा सिंचाइ पुऱ्याउने हाम्रो संकल्प छ ।

### ७.८ भूमिसुधार तथा व्यवस्था

भूमिको स्वामित्व, उत्पादकत्व र व्यवस्थापन भूमिसुधारका अभिन्न पाटाहरू हुन् । भूमिमाथिको स्वामित्वको विषय सामाजिक न्याय र उत्पादकत्वसँग गाँसिएको छ । जनसंख्याको तीव्र वृद्धि र भूमिको सीमितताका कारण भूस्वामित्वको आधार सानो हुँदै गएको र सीमित भूमि पनि दुवै आवास तथा खेतीमा उपयोग हुँदै गएको वर्तमान परिप्रेक्ष्यमा भूमि क्षेत्रबाट अधिकतम लाभ लिन भूव्यवस्थापन तथा उत्पादकत्व वृद्धिका नयाँ उपायहरूको अवलम्बन गर्नु आवश्यक छ । सामाजिक न्यायको प्रत्याभूति लिँदै उत्पादकत्व वृद्धि गर्न बैज्ञानिक भूमिसुधार आयोजनामार्फत उर्वरा भूभागहरूलाई अधिकतम उत्पादन दिने गरी प्रयोगमा ल्याउने, सहकारी खेती प्रणालीमार्फत खण्डित जग्गाको एकीकरण गर्ने, भूमिविहीनहरूलाई भूमिको मालिक बनाउने नीति नेपाल परिवार दलले अँगाल्नेछ ।

### ७.९ प्राकृतिक स्रोत र साधनको उपयोग

प्राकृतिक साधन र स्रोतहरू प्रकृतिका वरदान हुन । सम्पूर्ण सम्पदाको मालिक मानिस भएकाले यसको संरक्षण गर्नु पनि प्रत्येक व्यक्ति र राज्यको दायित्व हो । राष्ट्रिय सम्पदाको संरक्षण, विकास तथा उपभोगमा सम्पूर्ण नेपाली नागरिकको सहभागिता सुनिश्चित गर्नुपर्दछ । त्यसैले विज्ञान र प्रविधिको सहायताले प्राकृतिक साधन र स्रोतको उत्खनन गरी राष्ट्रलाई समृद्ध बनाउने सोच यस दलले राखेको छ । जडीबुटी लगायत वन पैदावारको प्रबर्धन र उपयोगमा जोड दिइन्छ भने दुर्लभ वन्यजन्तुहरूको संरक्षणलाई विशेष प्राथमिकतामा राखिनेछ । विभिन्न खानीहरूको अध्ययन, अनुसन्धान र उत्खनन गरी राष्ट्र निर्माणमा लगाइने छ ।

### ७.१० विज्ञान तथा प्रविधि

विश्व स्तरमा विकास गरिएका विज्ञान तथा प्रविधिलाई समान र सुलभ तरिकाले वितरण गरिनुपर्दछ र सबै राष्ट्रहरूलाई समुन्नति र समृद्धिको लागि समान अवसर दिइनुपर्दछ भन्ने यस दलको मान्यता छ । नेपाली समाजलाई एक सभ्य, आधुनिक सुविधायुक्त, दरिलो, प्रतिस्पर्धी बनाउन विज्ञान र प्रविधिको द्रूततर विकास अति आवश्यक देखिन्छ । त्यसैले नेपाल परिवार दल विश्व स्तरमा विकास र परीक्षण गरिसकिएका उच्च विज्ञान र प्रविधि नेपालमा ल्याई सूचना प्रविधि, कम्प्युटर विज्ञान, इन्जिनियरिङ्ग आदि क्षेत्रको विकासको लागि नयाँ योजना ल्याउन कटिबद्ध छ । विद्यालयको पठन पाठन, पुस्तकालयदेखि लिएर प्रशासनिक

क्षेत्र र दैनिक जीवनसँग सम्बन्धित कार्यमा समेत प्रविधिको प्रयोग सर्वसुलभ र छिटो छरितो बनाइनेछ ।

### ७.११ रोजगारी तथा गरिबी निवारण

मानवीय विकासको एक प्रमुख समस्याको रूपमा गरिबी नेपाली समाजमा विद्यमान छ । यसलाई निवारण गर्न आर्थिक विकासलाई अगाडि बढाउने, शिक्षा क्षेत्रलाई अझ फराकिलो, सर्वसुलभ बनाउने, सम्भाव्यताका आधारमा आन्तरिक र बाह्य रोजगारीका अवसर वृद्धि गर्ने विशेष योजना यस दलले अघि सार्नेछ । कुनै पनि शिक्षित तथा सीपयुक्त नेपाली नागरिक बेरोजगार हुन नपरोस् भनेर स्वरोजगार (Self emplyoment) कार्यक्रमलाई अगाडि बढाउन नेपाल परिवार दलले पहल गर्नेछ र यसको माध्यमबाट सम्पूर्ण नागरिक राष्ट्र निर्माणमा सहभागी हुने धारणा राख्दछ । गरीब जनताको नाममा लक्षित कार्यक्रम लक्षित वर्गमा पुग्न नसकिराखेको अवस्थामा सरकारमा रहँदा हाम्रो पार्टीले “विपन्न घरपरिवार परिचयपत्र वितरण तथा व्यवस्थापन” कार्यको शुरूवात गरी राष्ट्रका ७० लाख गरीब जनताको पक्षमा कदम उठाएको थियो । यस कार्यक्रमलाई तीव्रता दिई पूरा गरिनेछ । परिचय पत्र वितरण पछि विभिन्न सहुलियत प्याकेज (Benefit Package) मार्फत विपन्न घरपरिवारको जीवनस्तर माथि उकास्ने काम गरिने छ । आगामी सन् २०२० भित्र सार्वजनिक साझेदारीमा ५ लाख रोजगार सृजना गर्ने र स्वरोजगारको अवधारणा प्रत्येक गाउँ स्तरमा पुऱ्याएर एक घर एक स्वरोजगार कार्यक्रम लागू गर्ने यो दलको योजना छ ।

### ७.१२ सहकारी विकास

ग्रामीण क्षेत्रलाई अगाडि बढाउन प्रभावकारी ढङ्गले सहकारी विकास अभियानलाई तीव्रता दिनुपर्ने यस दलको मान्यता छ । कृषि क्षेत्रको समग्र विकास विशेष गरी साना कर्जा प्रवाह र कृषि सामग्री तथा उत्पादनको बिक्री वितरणको क्षेत्रमा सहकारी प्रणाली अत्यन्त प्रभावकारी हुनसक्ने हाम्रो विश्वास छ । हाम्रो पार्टी सरकारमा हुँदा नेपालको सहकारीको ५७ वर्षे इतिहासमा पहिलो पटक “राष्ट्रिय सहकारी नीति” ल्याउन सफल भएको थियो । आगामी दिनहरूमा सहकारी मार्फत उत्पादनको विकास गर्ने, रोजगारी सृजना गर्ने, सामाजिक एकीकरण गर्ने लगायत कार्यलाई प्राथमिकता दिइनेछ । सहकारीमैत्री कर प्रणाली लागू गर्ने, सहकारी खेती र बजारको व्यवस्थापन गर्ने पहल गरी आत्मनिर्भर र सामाजिक अर्थव्यवस्थाको विकास गरिनेछ । सहकारी मार्फत हरित क्रान्ति, श्वेत क्रान्ति लगायतका धारणालाई विकास गरी आगामी २०२० भित्र सहकारी मार्फत थप ५ लाख रोजगारी सृजना गरिनेछ । राष्ट्रको अर्थतन्त्रमा सहकारीको योगदान २० प्रतिशत पुऱ्याइने छ । उत्पादन वृद्धि र रोजगारी सृजना गर्ने सहकारीलाई राज्यबाट अनुदानको व्यवस्था गरिनेछ । दैनिक उपभोग्य वस्तुमा आत्मनिर्भर बनाउन पशुपालन, माछापालन, माहुरीपालन, फलफूल खेती, तरकारी खेती, चिया, कफी लगायत विभिन्न विषयगत सहकारीलाई अनुदान दिइनेछ । राष्ट्रिय सहकारी संघ, केन्द्रीय सहकारी संघहरू र विषयगत सहकारी संघलाई आवश्यक सहयोग उपलब्ध गराइनेछ । राष्ट्रको पाँचै विकास क्षेत्रमा सन् २०२० भित्रमा शीत भण्डार (Cold Store) निर्माण गरिनेछ । सहकारीलाई समयानुकूल थप व्यवस्थित र मर्यादित बनाउँदै अघि बढाइनेछ । ५ बर्ष भित्रमा सबै जिल्लामा सहकारी डिभिजन कार्यालयहरू खोलिनेछ । सहकारी मार्फत अर्गानिक खेतीको विकास गर्न प्रोत्साहन गरिने छ ।

### ७.१३ व्यवस्थित शहरीकरण र आधुनिक ग्रामीणीकरण

अव्यवस्थित बस्ती विकासले यातायात, विजुली, खानेपानी, संचार, पर्यटन आदि पक्षलाई प्रतिकूल असर पारेको तथ्यलाई मनन गर्दै विशेषज्ञहरूको सहायताबाट शहरी क्षेत्रलाई

व्यवस्थित गर्ने र प्रत्येक गाउँलाई आधुनिक सुविधा सम्पन्न गराई आधुनिक सुन्दर गाउँको परिकल्पना साकार पार्ने सोच नेपाल परिवार दलले राखेको छ । यसकोलागि शहरी विकास मन्त्रालयलाई साधनश्रोत र दक्ष जनशक्ति सम्पन्न बनाई आवश्यक योजना संचालन गरिन्छ ।

### ७.१४ खेलकूद

मनोरञ्जनपूर्ण जीवनकोलागि खेलकूद अपरिहार्य मात्र नभएर युवाहरूको उत्प्रेरणा, व्यवसाय तथा मानव एकता र शान्तिको माध्यम पनि भएको परिप्रेक्ष्यमा नेपाल परिवार दल खेलकूदलाई सबैको पहुँच पुग्ने गरी व्यावासायिक र प्रतिस्पर्धात्मक रूपले विकास गरिनुपर्छ भन्ने धारणा राख्दछ । नेपालको खेल जगतलाई अन्तर्राष्ट्रिय स्तरको बनाइनेछ । राष्ट्रिय खेलाडीहरूको बिमाको व्यवस्था गरिने छ । विद्यालयस्तर देखी खेलकुदको विकास गर्न आवश्यक साधनस्रोत उपलब्ध गराइने छ । युवा क्लबहरूलाई खेलकुदमा सहभागी हुन प्रशिक्षण तथा सामग्री उपलब्ध गराउनुका साथै सन् २०२० भित्र प्रत्येक गाउँ विकास समिति र नगरपालिकामा खेलकुद मैदान निर्माण गरिने योजना नेपाल परिवार दलको छ । खेलकुदको माध्यमद्वारा युवामा अनुशासन तथा राष्ट्र विकासमा समेत योगदान पुग्दछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म विभिन्न खेलकुदमा सहभागी/विजयी हुनसक्ने सक्षम युवा जमात तयार गर्न विद्यालयतहदेखि नै खेलकुद कार्यक्रममा विशेष जोड दिईनेछ ।

### ७.१५ नव विकास अवधारणाहरू

नेपाल परिवार दलले राष्ट्रको चौतर्फी विकास गर्न निम्न नव विकास अवधारणाहरू अगाडि सारेको छ :

(क) आधुनिक कृषि प्रणाली
(ख) प्राविधिक शिक्षा विकास
(ग) दूरदर्शी जलविद्युत उत्पादन कार्यक्रम
(घ) आन्तरिक/क्षेत्रीय, अन्तर्राष्ट्रिय, धार्मिक, स्वयंसेवा, वातावरणीय तथा स्वास्थ्य पर्यटन उद्योगको विकास
(ङ) वैकल्पिक ऊर्जा कार्यक्रम
(च) जडीबुटीको उचित व्यवस्थापन तथा प्रवर्धन कार्यक्रम
(छ) विज्ञान तथा प्रविधिको विकास
(ज) नवयुवाहरूलाई खोजमूलक एवं अनुसन्धानमूलक कार्यमा उत्प्रेरित गरी आर्जिन सीप र प्रविधिको उचित उपयोग तथा सम्मान

### ७.१६ सुदूर पश्चिम तथा कर्णाली क्षेत्रको विकास

विकासको दृष्टिकोणबाट पछाडिपारिएको सुदूर पश्चिम तथा कर्णाली क्षेत्रको विकासको ठूला परियोजना र कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हाम्रो मान्यता छ । विकास निर्माणमा काम गर्ने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई यस क्षेत्रको विकासमा उच्च प्राथमिकता दिन आग्रह गरिनेछ । यस क्षेत्रका सम्भावित पर्यटकीय स्थानको विकास गरी भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, रोजगार लगायतलाई स्थानीय जनताको पहुँचमा पुर्‍याइनेछ । यो क्षेत्रका सबै जिल्लामा सडक पुर्‍याउने र सडक यातायात असम्भव भएका जिल्लाहरूमा केवलकार लगायत बैकल्पिक व्यवस्था गर्नु पर्ने हाम्रो मान्यता छ । यो क्षेत्रका महिलाहरूलाई प्रसूति सेवा लगायतका गम्भीर समस्याहरूमा सहयोग पुर्‍याउन लागि राज्यले एयर एम्बुलेन्सको व्यवस्था गर्नुपर्ने हाम्रो मान्यता छ ।

### ७.१७ तराई/मधेसको विकास

अधिक जनघनत्व भएको तराई मधेसलाई केन्द्रविन्दुमा राखेर विकास निर्माणका कार्यक्रम गरिनु पर्दछ । यस क्षेत्रको विकासकोलागि त्यहाँका राजमार्गहरूलाई आठ लेनको बनाउने, रेल मार्गको विकास गर्ने, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय विमानास्थल निर्माण गर्ने, विश्वविद्यालय स्थापना गर्ने, प्राबिधिक शिक्षालय तथा तालिम केन्द्रहरू स्थापना गर्ने, खेलकुद प्रशिक्षण प्रतिष्ठान तथा रंगशालाहरू निर्माण गर्ने नेपाल परिवार दलको योजना छ । यस क्षेत्रमा उत्पादित कृषिजन्य सामग्रीहरूको भण्डारण गर्न प्रत्येक जिल्लामा शीतकेन्द्र (Cold Store) को निर्माण गर्ने, पशुपालन, माछापालन, माहुरीपालन, कुखुरापालन, उखु खेती लगायतको स्वरोजगार सृजना हुने व्यवसायका लागि युवाहरूलाई बिना धितो ऋण अपलब्ध गराई उद्यमी बन्न प्रोत्साहित गर्ने यो दलको नीति छ । तराई मधेसका सिँचाई नभएका खेतीयोग्य भूमिमा सिँचाईको प्रबन्ध मिलाइनेछ । तराईमधेसको पूर्वपश्चिम राजमार्गका वरिपरिका क्षेत्रमा खानेपानी तथा सरसफाइको व्यवस्था गरिनुका साथै विभिन्न कारणले महिला हिंसा तथा उत्पीडनका घटनाहरू तराई मधेशमा बढी हुने भएकोले त्यसलाई अन्त्य गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

### ७.१८ सामाजिक-आर्थिक रूपान्तरणको दशक

देशको अर्थतन्त्र कहालीलाग्दो अवस्थामा छ । आर्थिक सूचकांकहरू निराशाजनक छन् । नेपालमा धेरै पटक सरकार परिवर्तन भए र धेरै पटक पार्टीका अर्थमन्त्रीले बजेट भाषण गरे तर जनताको समस्या जिउँकातिउँ छन् । सुधारमुखी कार्ययोजना र ढुलमुले नीतिका कारण हाम्रो अर्थतन्त्रको सोचेअनुसार विकास भएको छैन । तसर्थ, नेपाल परिवार दल अर्थतन्त्रको विकासकालागि आमूल परिवर्तन र महत्वाकांक्षी योजना अगाडि बढाउन चाहन्छ । नेपाल परिवार दल आगामी दश बर्षलाई सामाजिक आर्थिक रूपान्तरणको दशक घोषणा गरी उर्जा, पर्यटन, कृषि, औद्योगिक विकास, भूमिसुधार, सिंचाई, विज्ञान प्रविधि, सहकारी, शिक्षा, स्वास्थ्य, रोजगार, कला, सञ्चार, यातायात, भौतिक पूर्वाधार लगायत क्षेत्रको आमूल रूपान्तरण मार्फत मुलुकको मुहार फेर्न चाहन्छ ।

## ८. राष्ट्रिय समस्या र निराकरणहरू

### ८.१ वन तथा भू-क्षय

मानिसहरूमा वढ्दो स्वार्थी भावनाले गर्दा वन फँडानी, वन पैदावारको दुरूपयोग र गैरकानूनी कारोबार आदिले दिनानुदिन वन सम्पदा तथा जैविक विविधताको ह्रास, भू-क्षय र भूमण्डलीय तापक्रममा वृद्धि (Global warming) भएको तथ्यलाई ध्यानमा राखी व्यापक जनजागरण र यस सम्बन्धी राष्ट्रिय नीतिमा सुधार ल्याउने तथा सामुदायिक वनको सफल उदाहरणलाई विशेष महत्व दिने सोच यस दलको छ । "हरियो वन नेपालको धन" भन्ने मान्यतालाई चरितार्थ गर्न राष्ट्रव्यापी रूपमा वृक्षारोपण अभियान संचालन गरिनेछ । सामुदायिक वनको अवधारणा थप मजबुत बनाइनेछ । प्राकृतिक वन सम्पदा एवं जैविक विविधताले भरिएको राष्ट्रिय सम्पत्तिलाई अतिक्रमण हुन नदिई संरक्षण र संबर्धन गर्न तथा चुरे र महाभारत क्षेत्रको ढुङ्गा, गिट्टी, बालुवा, जडिबुट्टी, काठ दाउरा अबैध रूपमा भारत निकास भैरहेको सन्दर्भ यसलाई तुरून्त रोकी कानूनी दायरामा ल्याई स्वदेशी क्रसर उद्योग प्रशोधन श्रमलाई प्रोत्साहित गर्न यो दल कटिवद्ध छ । अतिक्रमित बस्तीहरूलाई व्यवस्थित गरिनेछ ।

## ८.२ पर्यावरणीय असन्तुलन

विभिन्न मानवीय क्रियाकलापहरूबाट हुनगएको पर्यावरणीय असन्तुलनलाई निराकरण गर्न नागरिकहरूलाई यस विषयमा प्रशिक्षित गर्ने र सो अनुरूप कार्यक्रम ल्याउनुपर्ने धारणा यस दलको छ । प्रत्येक घरपरिवारबाट नै फोहोर व्यवस्थापन गर्न सिकाई काठमाण्डौ लगायत प्रमुख शहरमा अवस्थित नदीनालाको सरसफाई, पार्कहरूको व्यवस्थापन र ताल तलैयाको संरक्षण गरी पर्यावरण सन्तुलन कायम राख्न पहल गरिनेछ ।

## ८.३ प्राकृतिक प्रकोप

प्राकृतिक असन्तुलन र अप्राकृतिक मानवीय कार्यले प्राकृतिक प्रकोप निम्त्याउने गरेको छ । यसबाट सम्पूर्ण नागरिकलाई सुरक्षित बनाउन, प्रकोप व्यवस्थापन गर्न र प्रकोपको समयमा छिटो राहत प्रदान गर्न एक कोष स्थापना गरी दूरदर्शिताका साथ अघि बढ्नुपर्ने धारणा यस दलको छ ।

## ८.४ पूँजी र श्रमशक्तिको पलायन

देशमा लगानीका सम्भावना र सुरक्षाको अनुभूति नदेखेर ठूला-ठूला धनराशिदेखि लिएर उच्च दक्षता हासिल गरेका सबैभन्दा उत्पादनमूलक जनशक्ति विदेश पलायन हुने क्रम वढदो अवस्थामा रहेको वेला नेपाल परिवार दल यसलाई सुल्झाउनको लागि विविध कार्यक्रमका साथ अगाडि आएको छ । साथै विश्वमा फैलिएको आर्थिक मन्दीका कारण रोजगारका लागि विदेशिएका नेपालीहरू रित्तो हात स्वदेश फर्कन बाध्य हुँदा देशमा बढ्न जाने बेरोजगारी प्रति हाम्रो पार्टी सचेतनाका साथ स्वरोजगार कार्यक्रम तर्जुमा गर्न अग्रसर छ ।

## ८.५ युवा समस्या

युवाहरूलाई अनेक प्रलोभन देखाएर गैरजिम्मेवारीपूर्ण कार्यमा परिचालन गरी तिनीहरूको स्वतन्त्रता, भविष्य र स्वस्थ जीवनमा कुठाराघात गरीदै छ । यसलाई बेलैमा पहिचान गरेर नेपाल परिवार दलले युवा सशक्तीकरण, युवा जागरण, युवा स्वयंसेवा, युवा रोजगारी, युवा नेतृत्व विकास, युवा शान्ति शिक्षा, आदि कार्यक्रमहरू अघिसारेको छ । बेरोजगार युवाहरूलाई कम्तीमा वर्षको १२० दिन रोजगारीको ग्यारेन्टी गर्ने र रोजगारी दिन नसके बेरोजगारी भत्ता दिनुपर्ने हाम्रो मान्यता छ ।

## ९. नेपाल परिवार दलले अंगीकार गरेको अग्रपन्थी लोकतन्त्रको विशेषता

- सह-अस्तित्वपूर्ण संघीय राज्य र बहुलवाद, संवैधानिक बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक शासन प्रणाली
- राष्ट्रिय एकता, सद्भाव र प्रेम प्रबर्धन गर्ने लोकतन्त्र
- सम्पूर्ण नेपालीको साझा र वैज्ञानिक समावेशी लोकतन्त्र
- स्वतन्त्र, त्रासमुक्त, प्रतिशोधरहित र अहिंसाको सस्कारयुक्त लोकतन्त्र
- सुशासन र असल नेतृत्व सुनिश्चित भएको लोकतन्त्र
- पारदर्शी, दूरदर्शी र उत्तरदायी लोकतन्त्र
- समुन्नत विकास र समृद्धि बोकेको लोकतन्त्र
- स्वाभिमानी नेपाली जनताको आफ्नै मौलिक पहिचान दिलाउने लोकतन्त्र

## १०. विविध

### १०.१ पुरस्कार र सम्मान

राष्ट्र निर्माणको महान् कार्यमा तीव्रता र हौसला प्रदान गर्न राष्ट्रिय महत्वका निम्न क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ति/संस्थालाई पहिचान गरी बर्षको एकपटक पुरस्कार तथा सम्मान दिने नीति नेपाल परिवार दलले अँगालेको छ :-

(क) कृषि
ख) शिक्षा
(ग) पर्यटन
(घ) जलस्रोत
(ङ) जडीवुटी संरक्षण र विकास
(च) वातावरण
(छ) उद्योग व्यवसाय
(ज) सेवा
(झ) राष्ट्रिय सद्भाव र एकता
(ञ) अन्तर्राष्ट्रिय समझदारी विकास
(ट) विज्ञान र प्रविधि
(ठ) आर्दश परिवार
(ड) अन्तर्धार्मिक सद्भाव

### १०.२ उत्तरी तथा दुर्गम क्षेत्रको विकास

देशको उत्तरी तथा दुर्गम क्षेत्रमा पर्यटन, जडीबुटी, केबुलकार, योग तथा प्राकृतिक चिकित्सालय, हवाई सेवा आदिको विकास र विस्तार गरी स्थानीयवासीको जीवनस्तर माथि उकास्ने बृहत् योजनाको नेपाल परिवार दलले पहल गर्नेछ । कर्णाली क्षेत्रको अपार प्राकृतिक स्रोत र साधनलाई ध्यानमा राखी बहुक्षेत्रीय विकासको अवधारणालाई यस दलले अगाडि ल्याउनेछ । कर्णाली तथा उच्च पहाडी जिल्लाहरूमा बर्षेनी भइरहने खाद्य संकटलाई स्थायीरूपमा निराकरणको उपाय खोजिनेछ । पहाडी जिल्लाहरूमा फलफूल, पशुपालन, जडिबुटी अनुसन्धान केन्द्र स्थापना गरी स्वरोजगारको विकास गरिनेछ । दैलेख स्थित पञ्चकोशी तीर्थस्थल श्रीस्थान ज्वाला लगायत क्षेत्र र नेपाली भाषाको सबैभन्दा पुराने शिलालेख रहेको दुल्लु क्षेत्रलाई ऐतिहासिक सांस्कृतिक क्षेत्र घोषणा गरिनेछ ।

### १०.३ पुरातात्विक धार्मिक तथा सांस्कृतिक सम्पदा

नेपालको पुरातात्विक धार्मिक तथा सांस्कृतिक महत्वका सम्पदाहरू जस्तै पशुपति, मिथिला, लुम्बिनी आदि क्षेत्रहरूमध्ये कतिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरिसकेको अवस्थामा हामीले प्राथमिकताका साथ तीलगायत अन्य सम्पदाहरूको जगेर्ना गर्न आवश्यक कार्यक्रम ल्याउनुपर्दछ । पुराना ऐतिहासिक मठमन्दिरहरूको जीर्णोद्धार गरिनेछ । नेपालका प्रथम शहिद लखन थापा मगर र प्रथम मुख्तियार भीमसेन थापाको जन्मस्थलमा पनि उहाँहरूको शालिक निर्माण गर्ने काम अघि बढाइनेछ ।

### १०.४ बौद्धिक सम्पत्ति र प्रतिलिपिको अधिकार

विभिन्न कालखण्डका बौद्धिक सम्पत्तिको संरक्षण गर्नु र तिनीहरूको प्रतिलिपि अधिकार सम्बन्धित व्यक्ति वा निकायमा सुरक्षित गर्न हाम्रो पार्टी जोड दिन्छ ।

### १०.५ फैजदारी न्याय र कडा कानूनी व्यवस्था

नेपालको फौजदारी न्यायका अवयवहरूमा नेपाल प्रहरी तथा अनुसन्धान गर्ने निकायहरू, अस्पताल, विधिविज्ञान प्रयोगशाला, सरकारी वकिल, कानून व्यवसायी, अदालतहरू तथा कारागार आदि पर्दछन् । ती सबै निकायहरू सक्षम र सवल हुनुपर्दछ । त्यसकालागि समयानुकुल कडा कानूनी व्यवस्था हुनु जरूरी छ । राष्ट्रिय बिखण्डन ल्याउने, जातीय सद्भाव बिथोल्ने, जाली नागरिकता दिने/लिने, अवैध हातहतियार, लागु औषध निकासी पैठारी, मानव बेचबिखन, अपहरण आदि जस्ता राष्ट्रिय संवेदनशील अपराधमा संलग्न

व्यक्तिहरूमाथि कडा भन्दा कडा कारबाही गरी दण्डहीनताको अन्त्य र कानूनी राज्यको स्थापना गर्न नेपाल परिवार दल प्रतिबद्ध छ ।

### १०.६ विभिन्न दलहरूप्रतिको धारणा

नेपाल परिवार दलले सबै राजनीतिक दलहरूप्रति मित्रवत् व्यवहार गर्नेछ । विशेषतः पारिवारिक, मूल्यमान्यता, आदर्श र अंहिसामा आधारित लोकतान्त्रिक पद्धति अवलम्बन गर्ने राजनीतिक दलहरूप्रति राष्ट्रनिर्माणका सवालमा कार्यगत एकता गरिनेछ । चुनावी प्रतिस्पर्धालाई समेत स्वस्थ र शान्तिपूर्ण बनाउनुपर्ने कुरामा प्रतिबद्ध हुँदै संविधानसभाको सन्दर्भमा सबै विचार, वर्ग र क्षेत्रले प्रतिनिधित्व गर्ने अनुकूल वातावरण र अवसर प्राप्त हुनुपर्दछ भन्ने यो दलको मान्यता छ । चुनाव सम्पन्न भैसकेपछि विभिन्न राजनैतिक दलहरूबीच नयाँ समुन्नत तथा शान्त नेपाल निर्माणमा एकजुट हुनुपर्दछ भन्ने यस दलको धारणा छ । पारस्परिक सद्भाव तथा समझदारीको भावना असल राजनैतिक वातावरणकोलागि अपरिहार्य आवश्यकता हो भन्ने कुरामा यो दल विश्वास राख्दछ । युधिष्ठिरको “अजात शत्रु विजात शत्रु” जस्तो नेपाल परिवार दलको नीति छ । सबै राजनैतिक दललाई एउटै घर परिवारको सदस्यको रूपमा लिएर सहकार्य र सहमति निर्माणतर्फ नेपाल परिवार दल लाग्नेछ ।

### १०.७ नयाँ ठाउँहरूको विकास

विभिन्न दृष्टिकोणले राष्ट्रिय महत्व राख्ने तर पिछडिएका वा ओझेलमा रहेका ठाउँहरूको पहिचान गरी बस्ती बसाल्ने, पर्यटकीय विकास गर्ने, स्थानीय उद्योग स्थापना गर्ने लगायतका ठाउँ सुहाउँदो उचित कार्यक्रमहरूको अगुवाइ गरी नेपालका कुना-कुनामा पनि विकासको लहर समानरूपमा फैलाउने योजनामा विकास गर्न नेपाल परिवार दल अग्रसर हुनेछ । राष्ट्र र राष्ट्रियता लाई टेवा पुग्ने धार्मिक पर्यटकीय स्थल पोखराको विन्दवासिनी मन्दिर, वाग्लुङ्गको कालिका मन्दिर, पर्वतमा रहेको गुप्तेश्वर गुफा र म्याग्दी गलेश्वर महादेवको मन्दिरको संरक्षण र विकास गरिनेछ ।

### १०.८ बन्दी सुधार गृह

विभिन्न अपराधमा संलग्न भएर कानून बमोजिम सजाय भोगिरहेका बन्दीहरूलाई कारागार अवधिभर सृजनशील कार्यमा लगाई सुध्रिन सकून् भन्ने हेतुले पारिवारिक वातावरण भएको बन्दी सुधार गृहको अवधारणा यस दलले राखेको छ ।

### १०.९ अन्य

नेपाल परिवार दल ग्रामीण क्षेत्रको विकासको लागि आर्कषक, प्रभावकारी र व्यवहारिक कार्यक्रमको चिन्तन राख्दछ । वेरोजगारी समस्या समाधान गर्न प्रत्येक गाउँ र नगर विकास क्षेत्रमा नयाँ रोजगारी सिर्जना गर्ने दूरदृष्टि यस दलको छ । युवा विद्यार्थीलाई लक्षित गरी खेलकूदको विकासलाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउने सोच यो दलले लिएको छ । अव्यवस्थित बसोवासलाई नियन्त्रण गर्न र शहरमा जनघनत्वको चाप कम गर्न प्रमुख शहरहरूभन्दा टाढा, हिमाली, पहाडी र तराई क्षेत्रमा ठाउँ सुहाँउदो उद्योगधन्दा विकास गर्न विशेष सहुलियत हुनुपर्छ भन्ने यस दलको मान्यता छ । विश्वका १९२ राष्ट्रमा यस दलले मैत्री सम्बन्ध विस्तार गरिरहेको सन्दर्भमा विभिन्न देशहरूबाट विकासका अनुभवहरू बटुली नेपाललाई छोटो समयमा विकसित राष्ट्रको तहमा पुऱ्याउन यो दल प्रतिबद्ध छ । नयाँ संविधान मार्फत राष्ट्रलाई अग्रगामी बाटोमा उन्मुख गराउन निम्न थप प्रावधानहरू लागू गरिनेछ ।

क) विश्वमा सबैभन्दा धेरै देशहरूमा प्रयोग हुने अंग्रेजी पात्रो Solar Calender लाई सरकारी कामकाजको पात्रोको रूपमा प्रयोगमा ल्याउने ।

ख) आफ्नो स्थापना कालदेखिनै बन्दहड्ताल जस्ता हानिकारक र पीडादायी कार्यमा सम्लग्न नहुने आफ्नो अडान नेपाल परिवार दलको यथावत् छ । जुन पार्टी वा सस्थाले बन्द हड्तालको आह्वान गर्न चाहन्छ उसले सरकारले तोके बमोजिमको रकम नेपाल राष्ट्र बैंकमा जम्मा गर्नुपर्दछ र बन्द अड्तालको कारणले सार्वजानिक वा निजी सम्पतिको क्षति तथा नोक्सान भएको खण्डमा पुर्ननिर्माण तथा क्षतिपूर्तिको निम्ति उक्त रकम प्रयोग गरिनेछ ।

ग) शैक्षिक संस्थाहरूमा प्रमुख र उप-प्रमुख मध्ये एक जना अनिवार्यरूपमा महिला रहने व्यवस्था गरिनेछ । ती संस्थाहरूमा छात्र र छात्रा दुवै अध्ययन गर्ने भएकाले छात्रको समस्या र मनोविज्ञान बुझ्न र समाधान गर्न सरल हुनेछ ।

घ) सबै किसिमका सार्वजनिक सिनेमाहरू, विज्ञापन (पत्रपत्रिका, टेलिभिजन, रेडियो, होडिङ्बोर्ड, इन्टरनेट आदि) र अरू सार्वजनिक प्रसारण सामग्रीहरूको नैतिक चरित्र जाँच गर्ने सेन्सर बोर्डको जिम्मा अन्तरधार्मिक परिषद गठन गरी दिनु बढि उपयुक्त हुन्छ । मदिरा, सुर्तीजन्य पदार्थहरूमा धेरै भन्दा धेरै कर लगाइ बिक्री बितरणमा निरुत्साहित गरिनेछ ।

ङ) भूमिपति आफैले खेतीपाती नगरेको जमिनमा भूमिपति आफैले खेतीपाती गरेको (जोतेको) जमिनमा भन्दा बढी कर लगाइनेछ ।

च) अवकाश प्राप्त उच्च राष्ट्रसेवकहरू, व्यावसायक क्षेत्रका नेतृत्वगणहरू, श्रमिकनेताहरू, न्यायाधीसहरू, वकिलहरू आदि समेटिएको गुनासो सुन्ने र समस्या समाधान गर्ने अधिकार सम्पन्न परिषद गठन गरिनेछ । यस परिषदलाई निजी कम्पनी वा संस्थानहरूमा तलव भत्ता निर्धारण गर्ने लगायत उत्पन्न समस्याको पहिचान र समाधानको अधिकार दिइनेछ । यसबाट अवान्छित व्यावसायिक अभ्यासलाई निरुत्साहित गर्न र समयमा नै समस्याको समाधान गरी व्यवसायको संरक्षण गर्न मद्दत पुग्नेछ ।

छ) दुवै सरकारी र निजी विद्यालयहरूमा सार्वजानिक सोच (लोकोपकारिता) र पारिवारिक मूल्यमान्यतालाई जोड दिने शैक्षिक पाठ्यक्रम प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।

ज) "सुन्दर, सफा र हरियाली नेपाल" (Beautiful, Clean and Green Nepal) नामक अभियान सञ्चालन गरी घरघरमा फोहर मैलालाई जैविक र अजैविक रूपमा विभाजन गर्न लगाउने, सरसफाईलाई निरन्तर राष्ट्रिय अभियानको रूपमा सञ्चालन गर्ने तथा वृक्षारोपण, पार्क निर्माण लगायत कार्यक्रमहरू सञ्चालन गर्ने प्रोत्साहित गर्ने ।

झ) झापा लगायत अन्य जिल्लाहरूमा जंगली हात्ती आतंकको उचित व्यवस्थापन गर्ने र पीडितलाई राहत दिने प्रबन्ध मिलाउन पहल गरिने छ ।

ञ) तराई/मधेसका सीमा क्षेत्रका नेपालीहरू किनमेल तथा व्यवसायको लागि भारत जाने र कालो भारतीय रूपैया महङ्गोमा खरिद गर्नुपर्ने गुनासो आएकोले समाधानको उपाय खोजिने छ ।

ट) सीमा क्षेत्रमा युवायुवतीहरू लागु औषध तथा दुर्व्यसनीमा बढी लागेको पाइएकोले उनीहरूलाई कुलतबाट सुधार्न पुनःस्थापनाका कार्यक्रम संञ्चालन गरिनेछ ।

ठ) नेटवर्किङ व्यावसायलाई कानूनी दायरा भित्र ल्याईनेछ । युनिटी लगायतको समस्या छानबीन गरी सत्य तथ्य पत्ता लगाई दोषीलाई कारबाही र पीडितलाई न्याय दिलाउनको लागि सर्वदलीय छलफल गरी उपयुक्त कदम चालिनेछ ।

ड) नेपालका ताल/तलैयाहरू (फेवाताल, बेगानासताल, रूपाताल, से-फोक्सेन्डो ताल, रारा ताल, तिलिचो ताल) लगायतको संरक्षण तथा प्रवर्द्धनको व्यवस्था मिलाइने छ। गोरखा जिल्ला लगायत विभिन्न सुख्खा टारहरूमा सिँचाईको प्रबन्ध मिलाउन पहल गरिनेछ।

ढ) नेपालका प्रमुख नदीहरूको. आसपासमा रहेका खेतीयोग्य जमीन तथा बस्तीहरूमा प्रत्येक बर्ष बाढीले क्षेती पुऱ्याएकाले कोशी, गण्डकी, कर्णाली, राप्ती, महाकाली, वागमती, कमला, नारायणी, बबई लगायत नदीमा तटबन्धन निर्माण गरी जनधनको सुरक्षा गरिने छ।

ण) विभिन्न नदीहरूमा तुईनको प्रयोग भएको र यो चुडिदा प्रत्येक बर्ष स्थानीय बासिन्दाले ज्यान गुमाउनु परेको पीडा तर्फ ध्यान दिई ती स्थानहरूमा झोलुङ्गे पुलको निर्माण गरिने छ ।

त) कैलाली, कञ्चनपुर, बाँके, दाङ्ग, झापा, मोरङ्ग, हेटौंडा, चितवन, रूपन्देही, नवलपरासी, धनुषा, पर्सा, कास्की लगायत जिल्लालाई औद्योगिक क्षेत्र घोषणा गरी अघि बढाइने छ।

थ) देशमा शान्ति, सद्भाव, राष्ट्रिय मेलमिलाप, प्रेम, एकता, भातृत्वको विकास गराउनको लागि समाजका विभिन्न तह र तप्काका बिशिष्ट महानुभावहरूलाई शान्तिदूत (Ambassador for Peace) को मान्यता दिई अग्रसर गराइने छ।

द) कर्मचारीको अवकाश उमेर बढाएर कम्तीमा ६० बर्ष पुऱ्याइनेछ।

ध) बढ्दो पारिवारिक बिखण्डनलाई रोक्न पारिवारीक परामर्श (Family Counseling ), पारिवारिक शिक्षा (Family Education) लगायत कार्यक्रम संचालन गरी सम्बन्धबिच्छेदलाई न्यूनीकरण गरिने छ

### १०.१० राष्ट्रिय बिभूति

नेपालका सम्पूर्ण राष्ट्रिय बिभूतिहरूको युगौं युगसम्म राज्य र नागरिकले सम्मान गर्नुपर्छ । राष्ट्र, राष्ट्रियता र जनताकोलागि आफ्नो ज्यान आहुति दिने र राष्ट्र निर्माणमा सम्पूर्ण जीवन समर्पित गर्ने महान् शहिद, महा् योद्धा, कवि, लेखक, साहित्यकार, कलाकार, खेलाडी आदि हाम्रा प्रेरणाका स्रोत र गौरवको विषय हो । उनीहरूलाई राज्यले उचित स्थान र सम्मान प्रदान गर्नुपर्छ भन्ने हाम्रो मान्यता छ।

### १०.११ स्थानीय निकायको निर्वाचन

२०४७ साल पछि २३ बर्षको अवधिमा २०४९ र २०५४ मा २ पटक मात्र स्थानीय निकायको निर्वाचन हुन सक्यो । २०५८ साल अर्थात् १२ बर्षदेखि स्थानीय निकायहरू जनप्रतिनिधि बिहीन छन् । यसले नेपालको स्थानीय लोकतन्त्र र सुशासन कमजोर बनाएको छ । तसर्थ, नेपाल परिवार दल संविधानसभा निर्वाचनको ६ महिना भित्रमा स्थानीय निकायको निर्वाचन गर्न चाहन्छ।

## ११. दिगो शान्तिकालागि बृहत्तर सामाजिक रूपान्तरणका कार्यक्रमहरू

### ११.१ समाज कल्याण तथा सामाजिक सुरक्षा

गाँउको परिवेशमा विभिन्न पुस्तासहितको विस्तारित परिवारमा सामाजिक सुरक्षाका समस्या प्रभावकारी ढङ्गले समाधान भएको देखिन्छ । उमेर र ज्येष्ठताको कारणले बाजेबज्यैहरू सम्मानका पात्र हुन्छन् । अर्धबैंसे पुरुष र महिलाले परिवारको वास्तविक आर्थिक भार खेप्दछन् भने नव जवानहरू केही बर्षमा जिम्मेवारी वहन गर्न आफूलाई तयार गर्दै रहेकाहुन्छन् । त्यसैकारण नेपाल परिवार दल हरेक क्षेत्रको स्थायित्वको लागि समाज कल्याण र सामाजिक सुरक्षाको कार्यक्रमसहित परम्परागत परिवार प्रणालीलाई बलियो बनाउनुपर्ने मान्यता राख्दछ । अशक्त बालबालिका, शारीरिक अपाङ्ग, असहाय, एकल महिला र सत्तरीबर्ष माथिका जेष्ठ नागरिकहरूलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने हाम्रो मान्यता छ । साथै, ज्येष्ठ नागरिक, एकल महिला, शारीरिक अपाङ्ग लगायतलाई दिइएको भत्तामा वृद्धि गरिनेछ ।

### ११.२ स्वयंसेवा

नेपाल परिवार दल स्वयम् सेवा तथा निःस्वार्थ सेवामार्फत सिक्ने सिकाउने कार्यलाई बढावा दिन्छ । अत : नवजवान पुरुष तथा महिलाले आफ्नो औपचारिक शिक्षा तथा व्यावसायिक तालिम पूरा गरेपछि आफ्नो व्यावसाय सुरू गर्नुभन्दा अगाडि विशेषतः पिछडिएको ग्रामीण क्षेत्रमा केही समय स्वयंसेवा गर्न प्रोत्साहित गरिनेछ । २४ बर्ष मुनिका युवा युवतिहरूले १०+२ उतीर्ण भए पछि विश्वविद्यालय प्रवेशगर्नु अघि  वा सरकारी, निजी, तथा विदेशमा काम गर्न अनुमति प्राप्तगर्नु अघि कम्तिमा १ बर्ष सामाजिक, कृषि, सहकारी, सरकारी लगायतको क्षेत्रमा स्वयंसेवा गर्नुपर्दछ । सफलतापूर्वक स्वयंसेवा पूरा गर्नेहरूलाई पुरस्कार लगायत शुभ अवसरहरू प्रदान गरी स्वयंसेवा प्रति अभिप्रेरित गर्न सकिन्छ । विद्यालय, महाविद्यालय र विश्वविद्यालयहरूमा स्वयंसेवाको अवधारणालाई प्राथमिकताका साथ लागू गरी विद्यार्थीहरूमा शान्ति स्वयंसेवाको अवधारणा विकास गर्ने सोच नेपाल परिवार दलको छ ।

### ११.३ क्रान्तिकारी सामाजिक अभियान

नेपाली समाजको तीब्र विकास गर्न नेपाल परिवार दल निम्न क्रान्तिकारी सामाजिक रूपान्तरणको अवधारणा राख्दछ :

(क) अन्तधार्मिक, अन्तरसाँस्कृतिक, अन्तरजातीय, सामूहिक विवाह जस्ता सामाजिक अभियानलाई प्रोत्साहन गरी सद्भाव अभिवृद्धि गर्ने ।

(ख) पहाड वा हिमाली क्षेत्रमा बसोबास गर्ने नेपाली र तराई मधेशमा बस्ने नेपालीबीच नेपालको नियम-कानूनको मातहतमा रही विवाह गर्ने दम्पतीलाई योग्यताअनुसारको रोजगारीमा प्राथमिकता दिने वा व्यवसाय संचालन गर्न सघाउने नीति राज्यले अपनाउने ।

(ग) प्रत्येक तराई मधेशमा बसोबास गर्ने नेपालीहरूको परिवार र हिमाल तथा पहाडमा बसोबास गर्ने नेपालीहरूको परिवार बीच आपसमा मीत लगाई फोटोसहितको प्रमाणपत्र घरमा राख्न प्रोत्साहन गर्ने तथा प्रत्येक नेपालीले आफूभन्दा भिन्न नेपाली जातिसँग मितेरी सम्बन्ध स्थापित गरी “एक नेपालीको सबै नेपालीको मीत” भन्ने अवधारणा चरितार्थ गरी सद्भाव कायम गर्ने ।

**११.४ राष्ट्रभाव र राष्ट्रप्रतिको समर्पण**

कुनै पनि राष्ट्रले अपेक्षित लक्ष्य हासिल गर्न पहिलो आवश्यकता भनेको, प्रत्येक जनताको हृदयमा राष्ट्रप्रति वफादारी, स्पष्टता, प्रतिबद्धता एवं कर्मको संयोजन हुनुपर्दछ । यो लक्ष्य प्राप्त गर्न सबैले स्वेच्छाले सार्वजनिक भलाइकोलागि आफूलाई समर्पित गर्दै समाजको बृहत्तर हितमा अग्रसर हुनुपर्दछ । जसरी एउटा पूर्ण मानव हुनकोलागि हामीलाई एउटा स्वस्थ र बलियो शरीरसहित स्वच्छ मन चाहिन्छ, सर्वप्रथम देशभरि छरिएर रहेका उत्कृष्ट मन-मस्तिष्कलाई राष्ट्रको सर्वोपरि हितकोलागि सामूहिक सहकार्यमा एकताबद्ध गराउने किमिसको कार्यक्रम आवश्यक हुन्छ । यसको लागि दक्ष, शिक्षित, तालिम प्राप्त, अभिप्रेरित र सम्मानजनक मानव स्रोतहरूको समुचित सञ्चालन एवं व्यवस्थापनको खाँचो हुन्छ । राष्ट्रमा रहेका प्राकृतिक एवं मानवीय स्रोतहरूलाई प्रभावकारी ढङ्गबाट संयोजन गरी सम्पूर्ण राष्ट्रवासीको हकहित, सुविधा, सेवा र राष्ट्रहितकोलागि सबै देशभक्त नेपालीलाई एकजुट गराउन नेपाल परिवार दल सदैव प्रयत्नशील रहनेछ । यस प्रक्रियावाट नै राष्ट्रको लक्ष्य हासिल गर्ने र सर्वाङ्गीण विकासलाई सुनिश्चित गर्ने यो दलको नीति छ । लोकतन्त्रको संस्थागत विकास गर्न सर्वप्रथम राजनैतिक दलहरूभित्र नै पूर्ण प्रजातान्त्रिक पद्धतिको विकास र सम्मान गर्ने संस्कारको विकास हुनुपर्दछ भन्ने मान्यता यो दलको छ । नेपाल परिवार दलले सम्पूर्ण नेपालीलाई भावनात्मक एकीकरण गर्दै राष्ट्र र जनता पहिलो प्राथमिकतामा भन्ने नारासहित पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका गाउँ बस्ती र शहरमा राष्ट्रिय अभियान संञ्चालन गरिसकेको छ । यही अभयानबाट राष्ट्रमा जातीय सद्भाव र राष्ट्रियतालाई वलियो बनाउँदै शान्ति, ुशासन कायम गर्न सकिन्छ भन्ने विश्वास राख्दछ । बसुधैव कुटुम्वकम् । ईश्वरले सम्पूर्ण नेपालीको कल्याण गरून् !

जय राष्ट्र, जय नेपाल